भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना


सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : १४२ ★ ने. सं. ११४६ अनला गा, चतुर्दशी ★ आइतबार ★ ३१ जेठ, २०८३ ★ June 14, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





अफ्रिकी देश नाइजेरियाको राजधानी लागोसको सहरमा देशका विभिन्न भागमा सशस्त्र समूहहरूद्वारा अपहरित विद्यालयका विद्यार्थी र शिक्षकहरूको उद्धार गर्न सरकारसँग माग गर्दै विरोध प्रदर्शनमा उत्रेका जनता जून १२, २०२६ का दिन । भ्रष्टाचार, कुशासन, अपहरण, हत्या र सशस्त्र विद्रोहहरूका कारण नाइजेरियाली जनताको जीवन कष्टकर बन्दै गएको बताइएको छ ।

*तस्बिर : एपी/सन्डे अलम्बा*

## पर्यटन व्यवसायीहरूसँग राय-सुझाव सङ्कलन
## पर्यटन प्रवर्द्धनका विविध सुझाव प्रस्तुत

भक्तपुर, ३० जेठ । भक्तपुर नगरपालिकाले आगामी नीति तथा कार्यक्रम र बजेट निर्माणको सन्दर्भमा पर्यटन व्यवसायीहरूसँग शनिबार राय-सुझाव सङ्कलन कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरको पर्यटन क्षेत्रलाई थप व्यवस्थित र आकर्षक बनाउन सकिने विषयलाई समेटेर अगाडि बढ्ने बताउनुभयो । उहाँले बाह्य पर्यटकमा मात्र निर्भर रहँदा समस्या आउन सक्ने भएकोले आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने उल्लेख गर्दै सांस्कृतिक गतिविधिहरूलाई थप सक्रिय बनाउन आवश्यक रहेको बताउनुभयो । मौलिक तथा परम्परागत शैलीका घर निर्माणलाई नगरपालिकाले प्रोत्साहन गरिरहेको पनि उहाँले जानकारी दिनुभयो ।



कार्यक्रममा सहभागी पर्यटन व्यवसायीहरूले ख्वपको पहिचान झल्कने विषयवस्तुमा डकुमेन्ट्री निर्माण गर्नुपर्ने, बजार क्षेत्रमा बाइकको गति नियन्त्रण र पार्किङ व्यवस्थापन गर्नुपर्ने, रैथाने वस्तु तथा मौलिक परम्परागत पसलहरूलाई प्रोत्साहन गर्नुपर्ने, बेलुकासम्म सञ्चालन हुने स्थानीय यातायातको व्यवस्था गर्नुपर्ने, पर्यटक लक्षित सुपरमार्केट सञ्चालन गर्नुपर्ने, पर्यटकको सहजताका लागि सटल बस सेवा सञ्चालन गर्नुपर्ने, रात्रिकालीन बसाइँ र भक्तपुरको पहिचानयुक्त रात्रिकालीन जीवन विकास गर्नुपर्ने, दाफा भजनलगायत सांस्कृतिक प्रस्तुति नियमित गर्नुपर्ने, होटलहरूको वर्गीकरण गर्नुपर्ने, होटलहरूमा साउन्डप्रुफिङका लागि नगरपालिकाले सहयोग गर्नुपर्ने, भुस्याहा कुकुर व्यवस्थापन गर्नुपर्ने, नेपालभरिका ट्राभल एजेन्सीसँग अन्तरक्रिया गरी पर्यटक आगमन र बसाइ अवधि बढाउनुपर्ने, पर्यटन क्षेत्रमा कार्यरत जनशक्तिलाई विशेष तालिम प्रदान गर्नुपर्ने, पर्यटनमैत्री नगर प्रहरीको व्यवस्था गर्नुपर्ने राय प्रस्तुत गरेका थिए ।

त्यस्तै भेलामा दरबार क्षेत्रदेखि दत्तात्रय क्षेत्रसम्म पुग्न इलेक्ट्रिक सवारी सञ्चालन गर्नुपर्ने, डिजिटल भुक्तानी प्रणालीलाई सहज बनाउनुपर्ने, प्रवेश टिकटमा बिलिङ प्रणाली लागू गर्नुपर्ने, अन्तर्राष्ट्रिय स्तरमा भक्तपुरको प्रचार-प्रसारका लागि नगरपालिकाको सहकार्य आवश्यक, हर्न-फ्री र स्पिड लिमिट प्रभावकारी रूपमा लागू गर्नुपर्ने, ट्राफिक प्रहरीसँग समन्वय र सहकार्य मजबुत बनाउनुपर्ने, औद्योगिक क्षेत्रलाई 'क्राफ्ट भिलेज' को रूपमा विकास गर्नुपर्ने, डिजिटल मिडियामार्फत पर्यटन प्रवर्द्धन बढाउनुपर्ने, खेलकुद पर्यटनलाई पनि प्रवर्द्धन गर्दै अगाडि बढनुपर्ने आवश्यकता औँल्याइएको थियो ।

भक्तपुरको पहिचान बोकेको अमूर्त तान्त्रिक विद्या तान्त्रिक नाच (जस्तै नवदुर्गा नाच) र तान्त्रिक परम्पराको उत्थान गर्नुपर्ने, भक्तपुरका मठमन्दिर र विभिन्न शक्तिपीठका देवी देवताहरूको ऐतिहासिक र सांस्कृतिक महत्त्व उजागर गरी धार्मिक पर्यटनमा विकास गरिनुपर्ने, दरबार क्षेत्रमा रहेको ऐतिहासिक चारधाम मन्दिरहरूलाई विशेष धार्मिक क्षेत्रका रूपमा ब्रान्डिङ गरी आन्तरिक र बाह्य धार्मिक पर्यटक आकर्षित गरिनुपर्नेलगायतका सुझाव पर्यटन व्यवसायीहरूले दिएका थिए ।

कार्यक्रममा होटल एशोसिएसन अफ भक्तपुर, भक्तपुर पर्यटन विकास समिति, पर्यटक प्रहरी भक्तपुर तथा भक्तपुर नगरभित्र सञ्चालित होटल व्यवसायीहरूको सहभागिता रहेको थियो ।

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २५

**प्रहरी वृत्त बौद्धमा कार्यरत प्रहरी वरिष्ठ हवलदार ओमलाल पाण्डे :**

२०८२ भदौ २४ गते बिहान ८:४५ बजेको समयदेखि प्रहरी वृत्त बौद्धको दुवैतर्फ (टुसाल चोक र - गेट) बाट प्रदर्शनकारीहरू भेला/जम्मा भई प्रहरी वृत्तको अगाडिसम्म आई ढुङ्गामुढा तथा बाजीसमेत गरिरहेका थिए । अन्दाजी १०:३५ बजेको समयमा प्रदर्शनकारीको सङ्ख्या बढदै गयो र दोहोरो झडप हुने क्रम सुरु भएको थियो । अन्दाजी १२.२५ को समयमा पहिलो पटक प्रहरीको तर्फबाट अश्रुग्यास प्रहार भएको थियो । प्रदर्शनकारीहरूको सङ्ख्या अन्दाजी १५ देखि २० हजारसम्म आएका थिए । प्रदर्शनकारीहरूको तर्फबाट अफिसमा भएका सम्पूर्ण फर्निचर, कम्प्युटरलगायत सम्पूर्ण विद्युतीय उपकरणहरू, सीसी क्यामरा, सर्भर, मोनिटरलगायत सम्पूर्ण सरसामानहरू क्षति भएका छन् ।

**प्रहरी वृत्त मालिगाउँमा कार्यरत प्रहरी वरिष्ठ हवलदार दिपेश लामा :**

२०८२ भदौ २३ गते हवल्दार मेजरको रूपमा कार्यरत भएकोले सो दिन काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ११ माइतीघर मण्डलास्थित जेनजी समूहको शान्तिपूर्ण कार्यक्रम रहेको कारण उक्त दिन आवश्यक सुरक्षा योजनाअनुसार ड्युटी खटाई म आफ्नै कार्यालयको स्टेन्डबाई थिएँ । अन्दाजी ११:३० बजेको समयमा यस कार्यालयको वडा एरियामा रहेका प्रहरी विट र भीआइपीहरूको घरमा तोडफोड तथा आगजनी भयो भन्ने सूचना आयो । अन्दाजी १२ बजेको समयमा २/३ सय मानिसहरूको भिड विस्तारै प्रदर्शनकारीहरूको समूह बढ्दै गएको र स्थिति झन् आक्रामक र भयावह बन्दै गएको थियो । सोमध्ये केही व्यक्तिहरूले रड, खुकुरी बोकेका, केहिले लाठी, ढुङ्गा, मुढा, पेट्रोल भरेका बोतलसमेत बोकी आएर प्रहरीमाथि ढुङ्गा मुडा प्रहार गरी आक्रमण गर्न थाले ।

**प्रहरी वृत गौशालामा कार्यरत प्रहरी वरिष्ठ हवलदार झोलै थारु :**

२०८२ भदौ २३ गते कार्यालयको नियमित ड्युटीमा रहेको थिएँ । भदौ २४ गतेका दिन अन्दाजी १० बजेको समयबाट चाबहिल चोक, गौशाला चोक र रुन्चे डाँडास्थित सडकबाट जेन्जी आन्दोलनहरूको चहल पहल सुरु हुन थाल्यो । करिब ११ बजेको समयदेखि ६/७ हजार आन्दोलनकारीहरूले हात हातमा खुकुरी, विभिन्न फलामका रडहरू र गुलेली, काठको चिरपट, बाँसका लट्ठीहरू र पेट्रोल बमसमेतले प्रहरी कार्यालयलाई निशाना बनाई ढुङ्गा मुढा गर्न थाल्यो ।

जेन्जी आन्दोलनकारीहरूले कार्यालय अगाडिका तारवारहरू र मुख्य प्रवेशद्वारलगायत पछाडिको वालसमेत तोडी कार्यालय परिसरभित्र प्रवेश गरी कार्यालयभित्र रहेका सवारी साधन तथा कार्यालय भवनमा आगजनी, तोडफोड गर्नुको साथै कार्यालयमा रहेका प्रहरीको १३ नाल हातहतियार तथा गोली गट्ठाहरूसमेत लुटपाट गरी कार्यालयमा रहेको मिसिल कागजपत्र फाइलहरू अन्य फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड आगजनी गरिरहेका थिए । कार्यालयको पछाडिको वाल भत्काई पशुपति मन्दिरतर्फ लग्यौँ र उक्त स्थानमा समेत सुरक्षित महशुस नभएपश्चात् पुन: काठमाडौँ सिनामङ्गलस्थित एयरपोर्टमा रहेको नेपाल आर्मीको सुरक्षा घेराभित्र प्रवेश गरेका थियौ । उक्त घटनामा मलगायत ५ जना अलि बढी घाइते भएका थियौ भने अन्य साथिहरू सामान्य घाइते भएका थिए । आन्दोलकारीहरूले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै यसरी ड्युटिमा खटिएको प्रहरीलाई ढुङ्गा मुढा गरी घाइते बनाएको हुँदा आन्दोलनकारीहरूलाई कानुनबमोजिम हदैसम्मको कारबाही हुनुपर्छ ।

### व्यङ्ग्यचित्र कुनो



# भक्तपुर नगरपालिकाको छात्रवृत्ति छनौट परीक्षा सम्पन्न



भक्तपुर, ३० जेठ। भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष लिँदै आएको छात्रवृत्ति छनौट परीक्षा शनिबार सम्पन्न भयो।

भक्तपुर नगरपालिकाभित्र कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूमा अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि एसईई परीक्षाको नतिजा प्रकाशनपछि पालिकाले परीक्षा सञ्चालन गरी छात्रवृत्तिको लागि सिफारिस गर्ने गरिन्छ।

८ सय १ जना परीक्षार्थीहरूमध्ये ७ सय १५ जना सहभागी भएको परीक्षामा विज्ञान विषयमा ४ सय ४४ जना व्यवस्थापन विषयमा २ सय ३९, मानविकी विषयमा ८ जना कानुन विषयमा १७ जना र शिक्षा विषयमा ७ जनाले भक्तपुर नगरपालिकाभित्र कक्षा ११ र १२ सञ्चालित विभिन्न विद्यालयमा छात्रवृत्तिमा अध्ययनका लागि परीक्षा दिएका हुन्।

ख्वप कलेज देकोचा केन्द्रमा सञ्चालन भएको छनौट परीक्षाको निरीक्षण भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र भक्तपुर नगरपालिका ७ नं वडाका वडा अध्यक्ष उकेश कवांले गर्नुभएको थियो।

# बोडेमा दुईदिने आत्मरक्षा तालिम सम्पन्न



भक्तपुर, ३० जेठ। मध्यपुर नगरपालिका वडा नं. ८ को आयोजनामा जेठ २८ र २९ सामुदायिक विद्यालय, संस्थागत विद्यालयका किशोरी, शिक्षिका तथा बोडेका विभिन्न महिला समूहका लागि दुईदिने आत्मरक्षा तालिम मध्यपुर नपा वडा नं ८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठको आतिथ्यमा शनिबार सम्पन्न भयो।

"मेरो सुरक्षा म आफै गर्न सक्छु।" भन्ने मूल नाराका साथ किशोरी, शिक्षिका तथा बोडेका विभिन्न महिला समूहहरूलाई लक्षित गर्दै सञ्चालित दुईदिने आत्मरक्षा तालिम कार्यक्रमको समापन कार्यक्रममा मध्यपुर नपा वडा नं.८ का वडाध्यक्ष थापा श्रेष्ठले आत्मरक्षा तालिमले किशोरी, शिक्षिका तथा महिलाहरूलाई लक्षित यस आत्मरक्षा तालिमले सबैको मनोबल बढ्ने तथा भैपरिआउने स्थितिमा आफूलाई सुरक्षा गर्न सक्नेछ भन्नुभयो।

दुईदिने चेतनामूलक आत्मरक्षा तालिमको प्रमुख प्रशिक्षक पद्मा खयरगोलीले आत्मरक्षासँग सम्बन्धित विभिन्न विषयबारे प्रकाश पार्दै सामाजिक परिस्थिति, कानुनी अपराध, नियमकानुन, आपत्कालीन अवस्थाका लागि शारीरिक बलभन्दा टेक्निकल टिप्स आदिबारे जानकारी दिनुभयो। प्रशिक्षक रवीन्द्र श्रेष्ठले आत्मरक्षासँग सम्बन्धित दैनिक अभ्यास तथा टेक्निकल टिप्सहरू प्रशिक्षार्थीहरूमाझ प्रयोगात्मक तरिकाहरू प्रस्तुत गर्नुभएको थियो।

आत्मरक्षा तालिमको समापन कार्यक्रममा मध्यपुर नपा वडा नं ८ वडाध्यक्ष रमेश थापा श्रेष्ठले प्रशिक्षकहरू पद्मा खयरगोली तथा रवीन्द्र श्रेष्ठलाई कदरपत्र प्रदान गर्नुभएको उक्त कार्यक्रमको संयोजन सुरेन्द्र था श्रेष्ठले गर्नुभएको थियो। वडा ९ का महिला सदस्य उज्वला थापा श्रेष्ठ, मनिषा परियार तथा वडा सचिव रञ्जन प्रजापतिको सकृय सहभागिता थियो।

मनपा वडा नं ८ बोडेका स्थानीय सामुदायिक तथा निजी विद्यालयहरू लोटस इनोभाटी स्कूल, प्राइम एकेडेमी, एडभान्स एकेडेमी, बोडे मावि, लर्ड बुद्ध ई. सेकेन्डरी स्कूल, ग्लाडस्टोन एकेडेमी, ज्ञानसुधा पाठशालाका १५० किशोरी तथा शिक्षिकालगायत मध्यपुर वडा नं. ८ बोडे विभिन्न महिला समूहहरूका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो।

# मध्यपुर थिमिमा पाँचदिने डिजिटल मार्केटिङ तथा एआई तालिम सम्पन्न

भक्तपुर, ३० जेठ। मध्यपुर थिमी नगरपालिका वडा नं. ८ को आयोजनामा सञ्चालन भएको पाँचदिने डिजिटल मार्केटिङ तथा एआईको व्यवहारिक ज्ञान तथा सीप विकाससम्बन्धी तालिम सम्पन्न भएको छ। जेठ २६ गतेदेखि ३० गतेसम्म सञ्चालन भएको तालिमको समापन कार्यक्रम वडाध्यक्ष रमेश थापा श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो।

समापन कार्यक्रममा वडा नं. ८ का वडाध्यक्ष थापा श्रेष्ठले एआईलाई 'महासागर' सँग तुलना गर्दै यसको सानो अंशको ज्ञानले समेत दैनिक कार्यलाई धेरै सहज बनाएको अनुभव सुनाउनुभयो। उहाँले भन्नुभयो, "पहिले सामान्य शुभकामना सन्देश वा डिजाइन तयार गर्न पनि अरूको सहयोग लिनुपर्थ्यो, अहिले एआईको प्रयोगबाट आफैंले छिटो, सहज र प्रभावकारी रूपमा काम गर्न सक्ने भएको छ।"



उहाँले आगामी दिनमा यस्ता प्रविधिमैत्री तालिमहरू अझ विस्तारित रूपमा सञ्चालन गर्ने योजना रहेको जानकारी दिँदै प्रविधिको सही प्रयोगमार्फत व्यक्तिगत तथा सामुदायिक विकासमा योगदान पुऱ्याउन सहभागीहरूलाई आग्रह गर्नुभयो।

तालिमका प्रशिक्षक श्रीराम कासिछ्वाले २१ औं शताब्दीको प्रतिस्पर्धात्मक युगमा सफल हुन 'स्मार्ट' बन्न आवश्यक रहेको बताउनुभयो। उहाँले एआईको ज्ञानले व्यक्तिको कार्यक्षमता वृद्धि गर्नुका साथै रोजगारी तथा व्यवसायिक अवसरहरू विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले एआईको प्रयोगसँगै साइबर अपराधका घटनाहरू पनि बढ्दै गएको उल्लेख गर्दै सहभागीहरूलाई सचेत रहन आग्रह गर्नुभयो। "एआई टुल्सको सदुपयोग गर्नुपर्छ, दुरुपयोग गरेमा कानुनी कारबाहीको सामना गर्नुपर्ने अवस्था आउन सक्छ," उहाँले भन्नुभयो।

शिक्षण पेसामा आबद्ध सहभागी प्रशिक्षार्थी दीक्षा बाडेले तालिमबाट व्यवहारिक ज्ञान तथा सीप हासिल गर्न सफल भएको बताउँदै एआईको प्रभावकारी प्रयोगले दैनिक कार्यसम्पादनलाई सहज बनाउनुका साथै व्यक्तित्व विकासमा समेत सहयोग पुगेको धारणा व्यक्त गर्नुभयो।

अर्का प्रशिक्षार्थी प्रकाश नोकु श्रेष्ठले वर्तमान समयमा एआईसम्बन्धी ज्ञान अत्यन्त आवश्यक रहेको उल्लेख गर्दै तालिमबाट प्राप्त ज्ञान र सीपलाई आफ्नो व्यक्तिगत तथा व्यावसायिक जीवनमा प्रयोग गर्ने र समाज तथा समुदायको हितमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा सहजकर्ता कल्पना प्रजापतिले तालिम सञ्चालनमा सहजीकरण गर्नुभएको उक्त समापन समारोहमा वडा अध्यक्ष रमेश थापा श्रेष्ठले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै तालिमको औपचारिक समापन गर्नुभएको थियो।

# पत्रकार महासङ्घ भक्तपुरको २४ औं साधारणसभा सम्पन्न




भक्तपुर, ३० जेठ। नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाको २४ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि एवम् नेपाल पत्रकार महासङ्घ, केन्द्रीय समितिका महासचिव रामप्रसाद दाहालले अहिलेको सरकारले सूचनाको पहुँचलाई राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा जस्तो पुऱ्याएको बताउँदै यो साधारणसभालाई आन्दोलनको सभाका रूपमा अघि बढाउनुपर्ने औँल्याउनुभयो। उहाँले पत्रकारिता क्षेत्रप्रति सरकारको मनै दूषित रहेको बताउँदै सञ्चार संस्था र श्रमजीवी पत्रकारप्रति गरेको प्रेस स्वतन्त्रताको हननप्रति खेद व्यक्त गर्नुभयो। मिडियासँग सरकार आतङ्कित भएको र सरकारले पत्रकारको सूचना सम्प्रेषण गर्ने कार्यमा बाधा व्यवधान गरेकाले नेपालको संविधान, २०७२ बाट स्थापित पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित भएको बताउनुभयो। पूर्ण प्रेस स्वतन्त्रता र पत्रकारको हक हित र सुरक्षाका लागि यही असार ५ गते काठमाडौं उपत्यकाकेन्द्रित कडा आन्दोलन गर्ने चेतावनी उहाँले दिनुभयो।

अर्का केन्द्रीय सदस्य सूर्य सुवेदीले पत्रकार हक हितका लागि महासङ्घको केन्द्रले गरेका विभिन्न गतिविधिको बारेमा उल्लेख गर्दै केन्द्रले गरेका हरेक गतिविधिमा सबै श्रमजीवी पत्रकारले साथ दिनुपर्नेमा जोड दिनुभयो।

उपत्यका प्रदेशका कार्यवाहक अध्यक्ष रोजीना थापा, भक्तपुरका पूर्वअध्यक्ष नारायणसुन्दर किलम्बु, पत्रकार कविर राणा, काठमाडौँका अध्यक्ष शोभा अर्याल, ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीलगायतले शुभकामना दिएको उक्त साधारणसभामा हरिसुन्दर छुकां, नविना खर्बुजा, मदन ढुङ्गाना, आशिष पौडेल, रोशन शिल्पकार, पुष्करराज बुढाथोकीले पनि बोल्नुभएको थियो।

महासङ्घका कोषाध्यक्ष रामगोपाल तमखुले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन र सहसचिव दिनेश कार्कीले प्रस्तुत गरेको कार्यसमितिको प्रतिवेदन आवश्यक छलफलपछि पारित गरेको उक्त साधारणसभाको सभापतित्व ग्रहण गर्दै सुन्दर शिल्पकारले महासङ्घले पत्रकारिता क्षेत्रलाई छापा माध्यममा लान विभिन्न डिजिटल माध्यममा लान विभिन्न तालिम तथा कार्यक्रमहरूको आयोजना गरेको स्पष्ट पार्नुभयो।

# सन्तति आविमा छात्रवृत्ति वितरण तथा स्वागत

भक्तपुर, ३० जेठ। नपली, सिर्जनानगर स्थित सन्तति आधारभूत विद्यालयमा शुक्रबार विद्यालयमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति वितरण तथा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गरियो।

उक्त कार्यक्रमका सभापति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा भक्तपुर नगरपालिकाले विभिन्न गतिविधि गरिरहेको बताउँदै विद्यार्थीको शैक्षिक विकासका लागि अभिभावकले समेत महत्त्वपूर्ण भूमिका निभाउनुपर्ने बताउनुभयो।



उहाँले विद्यालयको शैक्षिकस्तर वृद्धिसँगै विद्यालयको शैक्षिक तथा प्रशासनिक कामका लागि आवश्यक शिक्षक तथा जनशक्ति परिपूर्तिको लागि पहल भइरहेको जानकारी दिनुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य भोजराज बस्नेतले नेपाल सरकारले विद्यार्थीका लागि प्रदान गरिएको छात्रवृत्ति समयानुकूल वृद्धि हुन सकेको बताउँदै विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धिलाई ध्यानमा राखेर नगरपालिकाले आवश्यक गरिरहेको बताउनुभयो।

उहाँले कमजोर विद्यार्थीलाई भर्ना लिएर उत्कृष्ट नतिजा दिन सक्नु विद्यालयको सबल पक्ष भएको बताउँदै कामगरी खाने मजदुरवर्गका छोराछोरीलाई शिक्षाबाट वञ्चित गर्न सामुदायिक विद्यालयलाई उपेक्षा गर्नु गलत रहेको बताउनुभयो।

विद्यालयका प्रअ दीपक माकले विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई परिष्कृत गर्ने अभियानमा विद्यालयका शिक्षकशिक्षिकाको सहकार्यमा स्थानीय अभिभावक, वडा कार्यालय तथा भक्तपुर नगरपालिकाको सहयोग रहेको बताउँदै विद्यार्थीले पढाइसँगै व्यवहारिक ज्ञानलाई अगाडि बढाउन बदलिँदो समयानुसार विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी हुनुपर्ने बताउनुभयो।

सोही कार्यक्रममा विद्यालय समिति सदस्यद्वय सम्झना प्रेमी तथा रेखा श्रेष्ठ, शिक्षकद्वय जगन्नाथ डुम्रे तथा कृष्णमाया बस्नेतलगायत छात्रा निशिका खत्री लगायतले बोलेका थिए। विद्यार्थीहरूले विभिन्न आकर्षक नृत्यसमेत देखाइएको उक्त कार्यक्रममा ५५ जना पुरानो छात्राहरूले छात्रवृत्ति तथा नयाँ ५० जना विद्यार्थीहरूले शैक्षिक सामग्री पाएका थिए।

साथै २०८२ को वार्षिक परीक्षामा कक्षागत तीन उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कारसमेत दिएको थियो।

वर्षभरि भर्ना अभियान चल्ने यस विद्यालयमा शैक्षिकसत्रको जेठ महिनासम्ममा १९५ जना विद्यार्थी रहेको छ।

# काठमाडौँका फोहोर पानी प्रशोधन केन्द्र चाँडै सञ्चालनमा ल्याइँदै

काठमाडौँ, ३० जेठ । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा निर्माण सम्पन्न भएका फोहोरपानी प्रशोधन केन्द्र चाँडै सञ्चालनमा ल्याइने भएको छ ।

यसबाट नदी तथा खोलामा मिसिने दूषित पानीको मात्रा घट्ने र वातावरणीय प्रदूषण नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) ले धोबीखोला, गुह्येश्वरी र कोड्कुलगायतका क्षेत्रमा फोहोरपानी प्रशोधन केन्द्र निर्माण गरिरहेको छ ।

शुक्रबार पूर्वाधार विकास मन्त्रालय, पीआईडी तथा एसियाली विकास बैङ्क (एडीबी)का प्रतिनिधिले गुह्येश्वरी र धोबीखोलामा निर्माण भएका प्रशोधन केन्द्रको संयुक्त अनुगमन तथा निरीक्षण गर्नुभएको छ । गुहेश्वरी फोहरपानी प्रसोधन केन्द्र प्रतिदिन तीन करोड २५ लाख लिटर फोहर पानी प्रसोधन गर्न सक्ने क्षमताको निर्माण गरिएको जनाइएको छ ।

अनुगमन टोलीमा पूर्वाधार विकास सचिव विश्वबाबु पुडासैनी, पीआईडी प्रमुख इन्जिनियर रामकुमार श्रेष्ठ, एडीबीका नेपाल देशीय सञ्चालन प्रमुख अर्नाउड हेकम्यान तथा अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मालगायत सहभागी रहनुभएको थियो । अनुगमन निरीक्षणका क्रममा सचिव पुडासैनीले निर्माण सम्पन्न भइसकेका प्रशोधन केन्द्रलाई यथाशीघ्र सञ्चालनमा ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौँका केही क्षेत्रमा निर्माण सम्पन्न भएका फोहोरपानी प्रशोधन केन्द्र अब चाँडै सञ्चालनमा ल्याउन आवश्यक छ ।" त्यसैगरी, पीआईडी प्रमुख इन्जिनियर रामकुमार श्रेष्ठले धोबीघाट र गुह्येश्वरीमा निर्माण गरिएका प्रशोधन केन्द्र सञ्चालनको अन्तिम तयारी भइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौँका नागरिकलाई दूषित पानीबाट हुने स्वास्थ्य जोखिमबाट जोगाउन एडीबीको सहयोगमा यी प्रशोधन केन्द्र निर्माण गरिएको हो । केही आयोजना सम्पन्न भइसकेका छन् र अब चाँडै सञ्चालनमा ल्याइनेछ ।"

यी प्रशोधन केन्द्र सञ्चालनमा आएपछि बागमती तथा यसका सहायक नदीमा प्रत्यक्ष रूपमा मिसिने फोहोरपानीको मात्रा घट्ने, नदीको पानीको गुणस्तर सुधार हुने तथा वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।



**पनौती जलविद्युत् केन्द्रको बाँध :** काभ्रेपलान्चोकको पनौती नगरपालिका-११ को थुम्कीडाँडाबाट देखिएको पनौती नगरपालिका-१० खोपासीस्थित पनौती जलविद्युत् केन्द्रको बाँध र आसपासको क्षेत्र । *तस्बिर : पेमा लामा/रासस*

# नेपाल–भारत सीमास्तम्भ मर्मतको समीक्षा संयुक्त संयन्त्रलाई सक्रिय बनाउने सहमति

सुरुङ्गा (झापा), ३० जेठ । नेपाल-भारत सीमा क्षेत्रमा रहेका सीमास्तम्भको संरक्षण, मर्मत तथा पुन:निर्माणलाई तीव्रता दिने उद्देश्यले दुवै देशका अधिकारीबिच झापाको बिर्तामोडमा संयुक्त समीक्षा बैठक सम्पन्न भएको छ ।

नापी विभाग, सीमा शाखा काठमाडौँको आयोजनामा भएको बैठकमा पूर्वी नेपालका झापा, इलाम, पाँचथर र ताप्लेजुङसँग जोडिएका सीमा क्षेत्रमा सञ्चालित फिल्ड कार्यको प्रगति मूल्याङ्कन गरिएको थियो । हालै सम्पन्न बैठकमा संयुक्त टोलीले पछिल्ला तीन महिनामा गरेका कामको विवरण प्रस्तुत गर्दै मर्मत गरिएका तथा पुन:निर्माण आवश्यक रहेका सीमास्तम्भबारे जानकारी गराएको थियो ।

सीमासम्बन्धी प्राविधिक विषयमा नियमित रूपमा हुने बैठकले सीमाङ्कनको स्पष्टता कायम राख्न तथा सीमास्तम्भको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सीमा क्षेत्रमा देखिएका प्राविधिक समस्याको समाधान, आवश्यक समन्वय तथा आगामी कार्ययोजनाबारे पनि छलफल भएको थियो ।

नापी विभागका प्रमुख नापी अधिकृत हरेराम यादवले सीमास्तम्भको मर्मत र पुन:निर्माणसम्बन्धी द्विपक्षीय समझदारीअनुसार अघि बढिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार फिल्डमा खटिएका संयुक्त प्राविधिक टोलीले स्थलगत निरीक्षणपछि तयार पारेका प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिने अभ्यास जारी छ ।

जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक विजय चौहानले नेपाल-भारत सीमासम्बन्धी द्विपक्षीय फिल्ड कार्यअन्तर्गतको सर्भे बैठक बिर्तामोडमा सम्पन्न भएको जानकारी दिनुभयो । सीमा व्यवस्थापनसँग सम्बन्धित विभिन्न निकायबिचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा पनि छलफल उहाँको भनाइ छ ।

बैठकमा झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईं र अञ्जन न्यौपाने, नापी अधिकृत शिवप्रसाद लम्साल, डिभिजन वन अधिकृत नथुनी गोहीयारी यादव, सशस्त्र प्रहरी उपरीक्षक अम्बिकाप्रसाद जोशी तथा प्रहरी उपरीक्षक वसुन्धरा खड्का सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरी, इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल, प्रहरी उपरीक्षक कुलदीप चन्द, सशस्त्र प्रहरी नायब उपरीक्षक हेम पौडेल, डिभिजन वन अधिकृत राजकुमार खत्री, सहायक अनुसन्धान अधिकृत सुशान्त बराल तथा सशस्त्र प्रहरी उपरीक्षक केशवराज प्याकुरेलको सहभागिता थियो ।

ताप्लेजुङबाट सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराई, कार्यवाहक डिभिजन वन अधिकृत ललितकुमार यादव, प्रहरी नायब उपरीक्षक उमेश जोशी र सशस्त्र प्रहरी नायब उपरीक्षक प्रमोदप्रकाश पाठक सहभागी हुनुहुन्थ्यो ।

पाँचथरबाट प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल, प्रमुख अनुसन्धान अधिकृत दुर्गाप्रसाद चापागाईं, प्रहरी नायव उपरीक्षक अनिशकुमार कर्ण, डिभिजन वन अधिकृत पशुपति दाहाल तथा सशस्त्र प्रहरी नायव उपरीक्षक चिरञ्जीवी प्रसाईंको उपस्थिति थियो ।

भारतीय पक्षबाट विहार राज्यको किशनगन्ज जिल्लाका 'डिस्ट्रिक्ट मजिस्ट्रेट' विशालराज, सशस्त्र सीमा बल (एसएसबी) का १९ औं बटालियनका कमान्डेन्ट योगेशकुमार सैनी, ३६ औं बटालियनका कमान्डेन्ट सञ्जीव कुमार, उपकमान्डेन्ट अभिजित दास, आठौं बटालियनका कमान्डेन्ट वसन्त सामी तथा सर्वेक्षक अधिकृत सन्तोष प्रसाद र हिमाद्री शेखर चक्रवर्तीलगायत अधिकारी सहभागी हुनुहुन्थ्यो । नेपाल र भारतबिच सीमासम्बन्धी प्राविधिक विषयमा समयसमयमा संयुक्त बैठक आयोजना हुने गरेका छन् । सीमास्तम्भको संरक्षण र व्यवस्थापनलाई व्यवस्थित बनाउँदै सीमावर्ती क्षेत्रमा पारस्परिक सहकार्यलाई सुदृढ गर्ने उद्देश्यले बैठकले आगामी कार्ययोजनासमेत तय गरेको छ ।


## हार्दिक समवेदना



**आशलक्ष्मी अवाल**

**जन्म : २००४/०३/२७ स्वर्गारोहण : २०८३/०१/१८**

हाम्रा आत्मीय मित्र विष्णु अवालकी ममतामयी माता **आशलक्ष्मी अवाल**को स्वर्गारोहण भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

आशाकाजी त्वायनाबासु | अनिल प्रजापति | रुकेश खाताख्व
आशाराम वैद्य | रमेश वैद्य | सुयन शिल्पकार
राजन बाटी | सुरेश बजिकौं


# आगामी आवमा जलविद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुग्ने

काठमाडौँ, ३० जेठ । सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप एक हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने उल्लेख गरिएको छ ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने जनाइएको छ । निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ ।

विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई पनि उच्च प्राथमिकतामा राखिएको छ । वार्षिक कार्यक्रमअनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर सात हजार ८०८ सर्किट किलोमिटर पुऱ्याइने छ ।

यसैगरी, ३३ केभी प्रसारण लाइन आठ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर आठ हजार ४२९ सर्किट किलोमिटर पुऱ्याउने लक्ष्य छ ।

आगामी आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत पाँच सय ११ किलोवाट घण्टा पुऱ्याउने तथा विद्युत् चुहावट १२ दशमलव शून्य तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको छ । लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गरिने कार्यक्रम छ ।

सरकारले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट थप १५ हजार ७७६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ । साथै, ठूला तथा मझौला नदीमा थप ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिनेछ ।

उक्त मन्त्रालयका अनुसार जलविद्युत् विकासले राष्ट्रिय आवश्यकता मात्र नभई क्षेत्रीय अर्थतन्त्रको विकासलाई समेत तीव्रता दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट आर्थिक विकास, औद्योगिकीकरण, बाढी नियन्त्रण, वातावरणीय संरक्षण तथा रोजगारी सिर्जनामा योगदान पुग्ने छ ।

आगामी आवमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ । ती आयोजना सम्पन्न भएपछि आन्तरिक रूपमा विद्युत् प्रवाहमा सहजता आउने तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सकिने छ ।

काठमाडौँ उपत्यकाको मध्यभाग हुँदै जाने प्रसारण लाइन निर्माणको योजना पनि कार्यान्वयन गरिने उक्त मन्त्रालयले जनाएको छ ।

। सम्पादकीय ।

# सुशासन र विधिको शासन नाउँ मात्रको नहोस्

छोटो समयमै धेरै काम गरेको देखाउन हतार हतारमा जनभावनाविपरीत निर्णय गर्न पुगेका सत्तारुढ दलका नेता, मन्त्रीहरूलाई विभिन्न सञ्चार जगतले प्रश्न उठाउन थालेका छन् । लेखक, पत्रकार, नागरिक समाज र स्वयम् जनताले प्रश्न उठाए, 'सरकार ! मल कहिले आउँछ; 'खरिद ढिलाइले देशभर रेविज खोपको अभाव', 'गृहमन्त्रीले मागे सुकुमवासी परिवारसँग माफी', 'राहत होइन अभाव झेल्दै सुकुमवासी', 'नाइँ नभनेकै कारण महिलामाथि हिंसा', 'सर्पदंशको बढ्दो सङ्कट : बर्सेनि २७ सय नेपालीको मृत्यु' जस्ता यावत् घटना र समस्याले देश कतातिर गइरहेको छ भन्ने सङ्केत गर्छ ।

कृषिप्रधान देशमा हरेक वर्ष रासायनिक मलको सङ्कट किन हुन्छ ? समयमा मल ल्याउन सत्तासीन दलका नेता र मन्त्रीहरूको ध्यान किन पुग्दैन ? कृषिलाई अर्थतन्त्रको मेरुदण्ड, किसानलाई अन्नदाता सम्झिने र कृषि नीतिलाई उत्पादन बढाउन प्रेरित गर्नुपर्ने प्रत्येक सरकार किसानलाई किन निरास बनाउँछ ? कृषि उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर गर्नुपर्ने देशलाई किन परनिर्भर बनाउँछ ? आखिर मल समयमा नआउनुमा दोष कसको ? यसको दोषी कृषि मन्त्रालय, आपूर्तिकर्ता या अन्तर्राष्ट्रिय बजार ?

रेबिजविरुद्धको खोप किन अभाव हुन्छ ? बहुला कुकुर या कुनै पशुले टोक्दा रेबिजविरुद्धको सुइ लिनुपर्छ । निर्धारित समयमा सुइको मात्रा बिरामीले लिन सकेन भने बिरामी थलामात्र पर्ने होइन मृत्युको शिकार हुनसक्छ । झाडापखाला हुँदा जीवनजलको अभाव हुने, कुकुर, सर्प या अन्य पशुले टोक्दा लगाइने सुइको अभाव हुने, ज्वरोको प्रकोप हुँदा ज्वरोको औषधि अभाव हुने, कहिले पेट्रोल, कहिले ग्यास त कहिले पाठ्यपुस्तकको अभाव हुने देशको समस्याले हरेकको जनजीवनमा प्रभाव पारेको छ । सुकुमवासीको समस्या नसुल्झिएर उनीहरू आन्दोलनमा छन् । नेपालमा हरेक वर्ष हजारौँ मानिस सर्पदंशबाट प्रभावित छन् । नेपालमा वार्षिक २० हजारदेखि ४० हजारसम्म सर्पदंशका घटना हुने अनुमान गरिएको छ । त्यसमध्ये अध्ययनअनुसार नेपालमा वार्षिक झन्डै तीन हजारको मृत्यु हुन्छ । हिंसा र बलात्कारका घटना बग्रेल्ती छन् । जनजीवनमा देखापरेका यस्ता समस्याबारे नयाँ सरकार पनि जिम्मेवार नभएको हो कि भन्ने प्रश्न जनताले गर्न थालेका छन् ।

जेठ २९ गतेको 'नयाँ पत्रिका' मा लेखियो, 'इतिहासमै ठुलो वित्तीय अपराध : बिचौलिया भट्टदेखि व्यवसायिक घटनाविरुद्ध एकैपटक चार मुद्दा दायर' 'नागरिक' दैनिकमा 'भट्ट, अग्रवाल, गोल्छासहित ८१ विरुद्ध मुद्दा : २३ अर्ब बढी बिगो दाबी' र 'कान्तिपुर' दैनिकमा ४ वित्तीय अपराधमा ३ अदालतमा मुद्दा : २७ अर्ब ८० करोड बिगो दाबी, ८६ प्रतिवादी' आदि । प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागको संयुक्त टोलीले उक्त मुद्दा दायर गरेको हो । समाचार स्रोतअनुसार नेपालको इतिहासमै सबैभन्दा ठुलो सङ्गठित वित्तीय अपराधमा बिचौलियादेखि व्यावसायिक घटनाविरुद्ध मुद्दा दायर भएको हो । उक्त मुद्दामा बिचौलिया दीप भट्ट तथा उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसङ्घका उपाध्यक्षहरू राजबहादुर शाह र अमित मोर मुद्दामा परेका छन् । मुद्दा अघि बढ्छ या बिचमा सुस्ताउँछ, त्यो समयले देखाउनेछ । कसैलाई मुद्दा राख्ने बित्तिकै उनीहरू अपराधी हुन्छन् र सजायभागी हुन्छन् भन्ने कुरा होइन । निर्दोष छुट्नुपर्छ र दोषी कारबाहीमा पर्नुपर्छ । भ्रष्टाचार प्रकरणका दोषीहरू कारबाहीमा नपरेसम्म, देशमा सुशासन र विधिको शासन नाउँ मात्रको हुन्छ । देशमा सुशासन ल्याउनु छ; शोषणरहित समाज स्थापना गरेर समानता ल्याउनु छ भने भ्रष्टाचारी, कमिसनखोर, कालाबजारी, अपराधीहरू कारबाहीमा पर्नुपर्छ ।

# कक्रोच मार्न तोप प्रयोग गर्दै छन् मोदी !

*(एक विद्यार्थीको प्यारोडी अकाउन्टले भारतको सबैभन्दा शक्तिशाली व्यक्तिलाई हल्लाएको छ र उनको छाला कति पातलो भएको छ भनेर पर्दाफास गरेको छ ।)*

भारतमा पछिल्ला हप्ताहरूमा, प्रधानमन्त्री नरेन्द्र मोदी-सरकारले महसुस गरेको गहिरो असुरक्षाको परिणामस्वरूप, 'कक्रोच जनता पार्टी' नामक व्यङ्ग्यात्मक प्यारोडी खाता खोलेका युनाइटेड कलेजका विद्यार्थीहरूको सामाजिक सञ्जाल रद्द (Deplatform) गरेका छन् ।

भारतका प्रधानन्यायाधीश सूर्यकान्तले पत्रकारिता र राजनीतिक अभियानतर्फ लागेका बेरोजगार युवाहरूलाई साङला (Cockroach) र परजीवी (Parasites) सँग तुलना गरेपछि कक्रोच जनता पार्टी ( CJP) को उदय भयो । यो हानिरहित मजाकले चाँडै नै इन्स्टाग्राम र एक्स (पहिले ट्विटर) मा लाखौँ अनलाइन फलोअरहरूलाई आकर्षित गर्‍यो, जसको परिणामस्वरूप गर्दा बीबीसी, सीएनएन, द गार्जियन र फ्रान्स २४ बाट अझ बढी मिडिया कभरेज प्राप्त गर्‍यो, जसले गर्दा भारतको वृद्ध सरकारलाई ध्यान दिन बाध्य तुल्यायो ।

असन्तुष्टिलाई अर्थपूर्ण रूपमा सम्बोधन गर्नुको सट्टा, मोदी प्रशासनले यसलाई देशको 'राष्ट्रिय सुरक्षा' लाई खतरामा पार्ने र 'भारतको सार्वभौमिकर्ताको लागि खतरा' को रूपमा प्रस्तुत गरेको छ । यो समूहको वेबपेज अब देशमा पहुँचयोग्य छैन । वास्तवमा, सरकारले व्यङ्ग्यात्मक खातालाई विस्मृतिमा धकेल्न यसका विरूद्ध बहु-प्लेटफर्म दबाब अभियान सुरू गर्‍यो । यसको वेबसाइट हटाइयो, मन्त्री मण्डलले यसका संस्थापकलाई 'विदेशी' प्रभावमा रहेको आरोप लगाए र CJP संस्थापक, अभिजीत दिपकेविरूद्ध कारबाहीको माग गर्दै सर्वोच्च अदालतमा निवेदन दायर गरिएको थियो ।

यति भयङ्कर आक्रोशका साथ अनलाइन खाताहरू पछ्याउनु भनेको लामखुट्टे मार्न तोप प्रयोग गर्नुजस्तै हो ।

यो कल्पनाशील ठट्टाले भारतका युवाहरूमाझ रहेको पीडालाई सङ्केत गर्छ, जो रोजगारी बिनाबजारमा प्रवेश गर्छन्, गर्मीको लहरदेखि सास फेर्न नसक्ने हावाजस्ता चरम मौसममा बाच्न बाध्य हुन्छन् र उनीहरूबाट माग गरिएको बलिदानको बारेमा निरन्तर व्याख्यान दिइन्छन् । गत महिनामात्र, स्नातक चिकित्सा विद्यार्थीहरूको लागि राष्ट्रिय प्रवेश परीक्षाको प्रश्नपत्र चुहावट भएपछि सम्झौता गरिएको पाइयो, जबकि स्कूलका विद्यार्थीहरू छुट्टै मार्किङ (पूर्णाङ्क गणना) काण्डको शिकार भए । सामाजिक सञ्जालमा आफ्नो निराशा व्यक्त गर्ने विद्यार्थीहरूलाई हाम्रो राज्य-प्रायोजित टेलिभिजन च्यानल, दूरदर्शनले 'पाकिस्तानी' भनेर सम्बोधन गर्‍यो । हामी अब एउटा यस्तो देश भयौँ जसले हाम्रा आफ्नै बच्चाहरूलाई साँचो चिन्ता व्यक्त गर्दा विश्वासघातको आरोप लगाउँछ । परीक्षा काण्डका कारण विद्यार्थीहरूमा आत्महत्याको श्रृङ्खला बढेको छ तर प्रधानमन्त्री नरेन्द्र मोदीले सान्त्वनाका केही शब्दहरू भन्न उत्प्रेरित भएनन् ।

उही उदासीनता अन्यत्र पनि देखिन्छ । मोदीको नेतृत्वको विशेषता भनेको भारतीय सीमाबाट पीडितहरूको दूरीको प्रत्यक्ष अनुपातमा मानवताको पीडाप्रतिको उनको सहानुभूति बढ्दै जानु हो । उनले गर्मीको लहरबाट हुने डरलाग्दो मृत्युलाई स्वीकार गरेका छैनन् - तेलङ्गानामा एकै दिनमा ६७ जनाको मृत्यु भयो - तर मोदीले चीनको शान्सी प्रान्तमा खानी दुर्घटनामा ज्यान गुमाएकाहरूको लागि शोक मनाउन समय निकालेका थिए ।

मोदीले भारतमा क्रूर कार्यप्रमुखजस्तै शासन गर्छन् र हरेक कार्यमा बफादारीको परीक्षण लिएका छन् ।


उनको पछिल्लो आदेश भनेको घरबाटै काम गर्नु, अनावश्यक रूपमा इन्धन खर्च नगर्नु, विदेश यात्रा नगर्नु, खाना पकाउने तेलको खपत कम गर्नु, सुन किन्नबाट टाढा रहनु, लामो समयसम्म काम गर्नु, कम खपत गर्नु र धैर्य गर्नु हो । यस बिन्दुमा, यदि तपाईंसँग जागिर छ, फ्रिज छ, एयर कन्डिसनरको स्वामित्व छ साथै विदेश यात्रा गर्न सक्नुहुन्छ भने, मोदी प्रशासनले तपाईंलाई विलासिताको खाडलमा बाँचिरहेको ठान्दछ । यीमध्ये कुनैले त्यति घोच्ने थिएन यदि उनी हाम्रो देशभक्तिपूर्ण कर्तव्य भनेको पेटी कस्नु हो भनी उपदेश दिएपश्चात् युरोप उड्नु ।

यस पटक, मोदी युरोपेली भ्रमणमा गए तर युरोपको स्वतन्त्र प्रेससँग संलग्न हुन अस्वीकार गरे । नर्वेमा, एक पत्रकार हेले लिङ स्वेन्डसेनले उनलाई 'विश्वको सबैभन्दा स्वतन्त्र प्रेस' बाट प्रश्न किन लिनुभएन भनेर सोध्ने हिम्मत गरिन् । मोदीले आँखा जुढाउन मानेनन् र जवाफ नदिई हिँडे, उनको शरीरको भाषा लज्जास्पद थियो । भारतबाट हेर्दै गर्दा, मोदीलाई प्रश्न गर्न सक्ने मान्छे संसारमा छ भनी हास्यास्पद लाग्यो । १३ वर्षपछि, मोदीलाई एक साधारण प्रश्न सोधेको र उत्तरको अपेक्षा गर्दै हेर्दा पानीमुनि सास फेर्न जान्ने एउटा नयाँ प्रजाति फेलापरेको जस्तो महसुस भयो । यो एकै समयमा उत्साहजनक र अपमानजनक थियो । विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा नर्वे पहिलो स्थानमा छ भने भारत १५७ औं स्थानमा छ भन्ने कुराले कुनै फाइदा हुँदैन ।

त्यसपछि ओस्लोस्थित भारतीय दूतावास सामाजिक सञ्जाल एक्स (X) मा गयो, अहम्का साथ पत्रकार सम्मेलनको घोषणा गर्‍यो, जसमा एक कूटनीतिज्ञ सीबी जर्जले भारतको घट्दो स्वतन्त्रताबारेमा लगभग कुनै पनि प्रश्नको जवाफमा १३ मिनेटको आक्रोशपूर्ण भाषण दिए, जसमा '१४० करोड जनता', '५,००० वर्ष पुरानो सभ्यता', 'योग' र 'गान्धी' जस्ता शब्दसहितको सलाद पस्के ।

स्वेन्डसेनको लागि, यो अनुभव भारतीय प्रेसले सामना गर्नुपर्ने वास्तविकताको एक मात्रासँगै समाप्त भयो । उनलाई विदेशी जासुस भनियो र भारतीय दक्षिणपन्थी ट्रोल-सेनाले उनलाई नक्कली भने । उनको ठेगाना र फोन नम्बर सार्वजनिक गरियो र अन्ततः उनलाई इन्स्टाग्रामबाट हटाइयो ।

स्वतन्त्र दिमागको सामना गर्नुपर्दा - चाहे त्यो CJP सँग अनलाइन होस् वा नर्वेमा स्वतन्त्र प्रेससँग - मोदी, उनको प्रशासन र उनका ट्रोलहरू शारीरिक, अस्तित्वगत झटकामा जान्छन्, र सुपरमार्केटमा चकलेट नपाएको बच्चाजस्तै रिसाउदैँ प्रहार गर्छन् ।




युवाहरूका साधारण प्रश्न वा मजाक ट्वीटहरूबाट यति डराउने शासनले हामीलाई प्रश्नकर्ताको बारेमा थोरै र सत्तारूढ सरकारको बारेमा धेरै कुरा बताउँछ । सत्य के हो भने, एक शक्तिशाली प्रचार मेसिनले कायम राखेको चमक विश्व घटनाले मेटाइदिएको छ । युद्ध, मुद्रास्फीति, H-1B भिसा प्रतिबन्ध र संयुक्त राज्य अमेरिकाले लगाएको करले मोदीको अयोग्यतालाई पर्दाफास गर्दै जाँदा, उनको छाला पातलो हुँदै गइरहेको छ ।

पछिल्ला केही वर्षहरू व्यापक त्रासदीको समय भएका छन् ।

मोदीको नीतिगत दुस्साहसहरूले देशमा गहिरो, खुला घाउहरू छोडेको छ - नोटबन्दी, कश्मीरमा धारा ३७० को खारेजी र कोभिड-१९ को व्यवस्थापनमा ठुला असफलता हुन सक्छन् तर दैनिक असफलताहरू पनि छन् : पुलहरू भत्किनु, समुदायहरूमा पानीको अभाव, विद्यार्थीहरूको शैक्षिक सम्भावनालाई क्षति पुर्‍याउने प्रश्नपत्र चुहावट, यी सबैले युवाहरूलाई बढी स्तब्ध बनाएको छ । यी सबैले यो सरकारले आम जनतालाई कति असफल बनाएको छ भनेर प्रतिबिम्बित गर्दछ । धेरै राम्रो आर्थिक प्रचार भए तापनि, भारतमा यो आशाको क्षतिलाई ढाकछोप गर्न गाह्रो भएको छ ।

प्रत्येक राष्ट्रलाई भविष्यमा थोरै भौतिक समृद्धि, आशा र आत्मविश्वास चाहिन्छ । आज हामी यस्तो देशमा बस्छौँ जहाँ प्रधानमन्त्रीले भनेको कुरा कसैले विश्वास गर्दैनन् । मोदी अहिलेसम्मकै अलोकप्रिय भएका छन् र कुनै जनादेशबिनाको सरकार चलाउँदै छन् । पछिल्ला दुई चुनावी नतिजालाई विपक्षी दलहरू, पत्रकारहरू र पारदर्शिता अभियन्ताहरूले प्रश्न उठाएका र चुनौती दिएका छन् । भारतलाई 'चुनावी अधिनायकवाद' घोषणा गरिएको छ ।

यस बिन्दुमा, भाजपा चुनाव जित्ने मेसिन हो जसमा अन्य कुनै पनि प्रकारको राजनीतिक काम गर्ने क्षमता छैन, कुशल शासनको त कुरै छोडौँ । पत्रकारको हरेक मीम, ट्वीट वा प्रश्नले छेडिएको, मोदीको आत्मसम्मानको विशाल बेलुन हजारौँ प्वालबाट चुहिँदै छ । आक्रोशित भएर, मोदी र उनका नोकरशाहहरू, जर्जजस्तै, बढ्दो असङ्गत बयानहरू दिन्छन् जुन उनका चाटुकारहरूले पनि उनलाई राम्रो देखाउन केही गर्न सक्दैनन् ।

व्यङ्ग्य लामो समयदेखि लोकतन्त्रमा दबाबको भल्भको रूपमा रहेको छ र भारतका युवाहरूको गुनासोलाई दबाएर असहमतिलाई हटाउन सक्दैन; यसले उनीहरूलाई कट्टरपन्थी बनाउनेछ । सीजेपीजस्तै निर्दोष रूपमा सुरू भएको जेनजीविरोधका लहरहरू पछि दक्षिण एसियाभरि शासनहरू पतन भएकाले सरकार आत्तिनु पर्ने कारणहरू पनि छन् । यो दुःखमा एउटै मात्र खुसी कुरा यो छ कि मोदीको सफलताको नशा हराएको छ । यसलाई रोक्न सक्ने धेरै कुराको आडमा, सीजेपी फस्टाउँछ । त्यस्तै अन्य प्रकारका असहमतिहरू पनि छन् । पछिल्लो दुई कार्यकालको अस्थायी बेलुनको विपरीत, यो प्रधानमन्त्रीको रूपमा उनको अन्तिम कार्यकाल हुने सम्भावना पहिले नै अभूतपूर्व रूपमा भारी छ । एक दिन, चाँडै नै मोदीको सरकार ढल्नेछ र त्योभन्दा 'कक्रोचहरू' बढी बाच्नेछन् ।

*- विद्या कृष्णन्*
*अनुसन्धान पत्रकार*
*- अल जजीरा*

# क्रान्तिकारी कमान्डर चे ग्वेभारा

✍ जुलियन फ्लोरकिन



**प्रारम्भिक जीवन र शिक्षा, जन्म र पारिवारिक पृष्ठभूमि**

चे ग्वेभारा जून १४, १९२८ मा अर्जेन्टिनाको रोजारियोमा आयरिश र स्पेनी मूलको मिश्रित परिवारमा जन्मिएका थिए । उनको पूरा नाम अर्नेस्टो ग्वेभारा डे ला सेर्नाले उनको कुलीन विरासतलाई प्रतिबिम्बित गर्दछ । यद्यपि, उनको परिवार मध्यमवर्गको थियो । सानै उमेरदेखि ग्वेभारा वामपन्थी विचारधारा र साहित्यबाट प्रभावित थिए । जसको प्रभाव उनको परिवारको राजनीतिक झुकावबाट आएको थियो । राजनीतिक र सामाजिक मुद्दाहरूको यो प्रारम्भिक एक्सपोजरले उनको विश्व दृष्टिकोणलाई आकार दियो; उनको भावी क्रान्तिकारी गतिविधिहरूको लागि मार्गप्रशस्त गर्‍यो ।

**शिक्षा र प्रारम्भिक प्रभावहरू**

ग्वेभाराले साहित्य र दर्शनमा प्रारम्भिक रुचि देखाउँदै एकेडेमिकरूपमा उत्कृष्ट प्रदर्शन गरे । उनी ब्युनर्स आयर्स विश्वविद्यालयमा भर्ना भए, जहाँ उनले चिकित्साशास्त्र अध्ययन गरे । विशेषगरी महाद्वीपमार्फत उनको प्रसिद्ध मोटरसाइकल यात्रामा उनले ग्रामीण जनसङ्ख्यालाई असर गर्ने व्यापक गरिबी, रोग र उत्पीडन देखे । यी अनुभवले उहाँलाई गहिरो प्रभाव पारे । मार्क्सवादतर्फ उनको वैचारिक परिवर्तन र सामाजिक अन्यायहरूको सामना गर्ने उनको दृढ सङ्कल्पमा योगदान पुर्‍यायो । ग्वेभाराको शिक्षा र यात्राले वैचारिक आधार निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो जसले पछि उनको क्रान्तिकारी कार्यलाई अगाडि बढाएको थियो ।

**मोटरसाइकल डायरी, यात्रा विवरण**

'द मोटरसाइकल डायरी' ले सन् १९५२ मा एक युवा चे ग्वेभारा र उनका साथी अल्बर्टो ग्रानाडोले दक्षिण अमेरिकामा गरेको महाकाव्य यात्राको वर्णन गरेको छ । आफ्नो देश अर्जेन्टिनाबाट सुरु गरेर, तिनीहरूले चिली, पेरु, कोलम्बिया र भेनेजुयलाको नाटकीय परिदृश्यहरू पार गरे । यात्रा सुरुमा तिनीहरूको पुरानो मोटरसाइकलमा महाद्वीपको साहसिक अन्वेषणको रूपमा उद्देश्य थियो, उपनाम 'ला पोडेरोसा' ('द माइटी वन') । तर, यात्राको सुरुमै मोटरसाइकल बिग्रिएपछि उनीहरूको धेरैजसो यात्रा हिच्हाइकिङ र पैदल यात्राबाट भएको थियो ।

**राजनीतिक दृष्टिकोणमा प्रभाव**

ग्वेभाराको राजनीतिक विचार र भावी क्रान्तिकारी गतिविधिलाई आकार दिन यो रचनात्मक यात्रा महत्त्वपूर्ण थियो । जब उनले विभिन्न आदिवासी समुदायहरूसँग सामना गरे र उनीहरूको सङ्घर्ष र ल्याटिन अमेरिकी समाजमा व्याप्त असमानताहरू देखे, ग्वेभाराको अवलोकन र अनुभवहरूले कट्टरपन्थी सामाजिक परिवर्तनको आवश्यकतामा उनको उभिरहेको विश्वासलाई बलियो बनायो ।

आफ्नो यात्राभरि, उनले एउटा डायरी राखे जहाँ उनले गरिबी, पुँजीवाद र साम्राज्यवादमा आफ्ना प्रतिबिम्बहरू रेकर्ड गरे, जुन पछि उनको वैचारिक विकासको एक आकर्षक कथा बन्यो । 'द मोटरसाइकल डायरी' ले क्रान्तिकारी व्यक्तित्व बन्नुअघि ग्वेभाराको युवा दिमागलाई अन्तर्दृष्टि मात्र प्रदान गर्दैन तर ल्याटिन अमेरिकाका सीमान्तकृत जनसङ्ख्याले सामना गरेको सामाजिक अन्यायको प्रत्यक्ष साक्षीको गहिरो र परिवर्तनकारी प्रभावलाई पनि प्रस्ट गर्दछ ।

**क्युवाली क्रान्तिमा संलग्नता, फिडेल क्यास्ट्रोसँग भेटघाट**

क्युवाली क्रान्तिको प्रमुख व्यक्तित्व बन्ने चे ग्वेभाराको बाटो मेक्सिको सिटीबाट सुरु भयो, जहाँ उनले १९५५ मा फिडेल क्यास्ट्रो र उनका भाइ राउललाई भेटे । क्यास्ट्रोले क्युवाली तानाशाह फुलजेन्सियो बाटिस्टालाई परास्त गर्ने उद्देश्यले आफ्नो क्रान्तिकारी समूहको लागि सक्रियरूपमा भर्ती गरिरहेका थिए । ग्वेभारा, उत्पीडितहरूको दुर्दशाबाट गहिरोरूपमा उत्तेजित र उनको मार्क्सवादी दर्शनद्वारा उत्प्रेरित विश्वासहरू, क्यास्ट्रोको करिश्मा र क्युवाको लागि उनको योजनामा तुरुन्तै आकर्षित भए । क्यास्ट्रो र ग्वेभाराबिचको वैचारिक पङ्क्तिबद्धता र साझा लक्ष्यहरूले तिनीहरूको साझेदारीलाई सुदृढ बनायो, जसले ग्वेभारालाई क्रान्तिकारी सेनामा प्रमुख लेफ्टिनेन्टको रूपमा भूमिका निर्वाह गरायो ।

**क्रान्तिमा भूमिका**

क्युवाली क्रान्तिमा ग्वेभाराको संलग्नतालाई उनको विद्रोही सेनामा डाक्टरबाट कमान्डरसम्मको पदारोहणबाट चिन्हित गरिन्छ । उनले क्युवाली क्रान्तिकारी रणनीतिको विशेषता रहेको छापामार युद्धमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । ग्वेभाराको प्रभाव सैन्य योगदानभन्दा पर फैलियो । उनले क्रान्तिकारी बनाउन पनि मद्दत गरे । क्युवाली जनता र अन्तर्राष्ट्रिय समर्थकहरूका साथ जुलुस गरे ।

क्युवाली क्रान्तिमा चे ग्वेभाराको भूमिकाले अन्यायको पर्यवेक्षकबाट क्रान्तिकारी परिवर्तनमा सक्रिय सहभागीमा उनको सङ्क्रमणको उदाहरण दियो, जसले विश्वका अन्य भागहरूमा यस्तै विद्रोहहरू प्रज्ज्वलित गर्ने उनको पछिल्ला प्रयासहरूको लागि चरण निर्धारण गर्‍यो । क्युवाली कारणप्रतिको उनको प्रतिबद्धता र यसको सफलतामा उनको योगदानले ल्याटिन अमेरिकाको इतिहासमा एक महत्त्वपूर्ण व्यक्तित्वको रूपमा प्रतिष्ठा वृद्धि गर्‍यो ।

**क्युवाली सरकारमा योगदान र भूमिका, आर्थिक नीतिहरू**

क्युवाली क्रान्तिको सफलतापछि, चे ग्वेभाराले नयाँ सरकारमा महत्त्वपूर्ण जिम्मेवारीहरू लिए, विशेषगरी राष्ट्रिय बैङ्कको अध्यक्षको रूपमा र पछि उद्योग मन्त्रीको रूपमा । यी भूमिकाहरूमा, ग्वेभाराले क्युवाको आर्थिक नीतिलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनी क्युवाको द्रुत औद्योगिकीकरणका लागि कट्टर अधिवक्ता थिए र किसानहरूलाई भूमि पुन: वितरण गर्ने उद्देश्यले व्यापक कृषि सुधारहरू लागु गरे । उनको आर्थिक दृष्टिकोण मार्क्सवादी सिद्धान्तबाट गहिरो रूपमा प्रभावित थियो, उत्पादनका मुख्य साधनहरूमा राज्यको नियन्त्रण र अर्थव्यवस्थामा पुँजीवादी प्रभावहरूको उन्मूलनमा केन्द्रित थियो । क्युवालाई समाजवादी राज्यमा रूपान्तरण गर्न ग्वेभाराका नीतिहरू निर्णायक थिए । यद्यपि, ती नीतिहरूले पछि आर्थिक कठिनाइहरू सिर्जना गरेको भन्दै आलोचना पनि निम्त्याए ।

**स्वास्थ्य र शिक्षा पहलहरू**

आर्थिक सुधारभन्दा बाहिर, चे ग्वेभाराले क्रान्तिकारी सरकारको एजेन्डाको आधारभूत घटकको रूपमा स्वास्थ्य सेवा र शिक्षाको महत्त्वलाई जोड दिए । उनको विश्वास थियो कि क्रान्तिको सफलता केवल परिवर्तनले मात्र मापन गरिने छैन । शक्ति संरचनाहरू, तर क्युवाका गरिब नागरिकहरूको जीवनमा ठोस सुधारद्वारा मापन गरिनेछ । उनको प्रभावमा, क्युवाली सरकारले निरक्षरता उन्मूलन गर्न अभियानहरू सुरु गर्‍यो, स्वास्थ्य सेवाको लागि बजेटमा उल्लेखनीय वृद्धि गर्‍यो र डाक्टरहरूलाई ग्रामीण क्षेत्रहरूमा पठायो जहाँ पहिले चिकित्सा सेवाहरू दुर्लभ थिए । यी पहलहरूले टापुभरि साक्षरता दर र स्वास्थ्य सेवा कभरेजमा उल्लेखनीय सुधार ल्यायो, जसले क्रान्तिको प्रमुख प्रतिज्ञाहरूमध्ये एक पूरा गर्‍यो : सामाजिक समानता ।

चे ग्वेभाराको दोहोरो ध्यान आर्थिक नीति र सामाजिक कल्याण कार्यक्रममा समाजवादी सिद्धान्तमा आधारित समाज निर्माण गर्ने उनको व्यापक प्रतिबद्धतालाई चित्रण गर्दछ जहाँ प्रत्येक नागरिकको कल्याणलाई प्राथमिकता दिइन्छ । क्युवाली सरकारभित्रको उनको कामले क्रान्तिकारी नेताको रूपमा उनको विरासतलाई मात्र होइन, समाजवादी राज्यमा क्युवाको रूपान्तरणको महत्त्वपूर्ण वास्तुकारको रूपमा पनि परिचित गरायो ।

**गुरिल्ला युद्ध रणनीति र विचारधारा, छापामार युद्ध रणनीतिको विकास**

क्युवाली क्रान्तिमा उनको अनुभवलाई चित्रण गर्दा छापामार युद्धमा चे ग्वेभाराको दृष्टिकोण अभिनव र प्रभावशाली दुवै थियो । उनले आफ्नो कार्यनीति र रणनीतिक विचारहरू आफ्नो मुख्य कार्य, 'गुरिल्ला युद्ध' मा व्यक्त गरे, जहाँ उनले छापामार कारबाहीका सिद्धान्तहरूलाई सरकारहरूलाई परास्त गर्ने विधिको रूपमा वर्णन गरे । ग्वेभाराले गतिशीलता, आश्चर्य र स्थानीय जनतासँग बलियो सम्बन्ध कायम राख्न छापामारहरूको आवश्यकतालाई जोड दिए । उनको कार्यनीतिमा हमला एम्बुस र गुरिल्लाहरूको फाइदाको लागि भू-भागको प्रयोग समावेश थियो । यी रणनीतिहरू सामान्यतया ठुला र राम्रो-सुसज्जित सरकारी सेनाहरूको सामना गर्न डिजाइन गरिएको थियो । छापामार युद्ध भौतिक लडाइँ मात्र नभई सामाजिक र राजनीतिक सङ्घर्ष पनि हो भन्ने ग्वेभाराले विश्वास गर्थे, जसले गर्दा छापामारहरूले आफ्नो सञ्चालनलाई निरन्तरता दिन स्थानीय जनताको समर्थन जित्न आवश्यक बनाउँछ ।

**विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा प्रभाव**

चे ग्वेभाराका लेख र क्युवाली क्रान्तिको सफलताले विश्वभरका क्रान्तिकारी आन्दोलनहरूमा गहिरो प्रभाव पारेको थियो । उनका सिद्धान्त र अभ्यासहरूले ल्याटिन अमेरिका, अफ्रिका र एसियाका असङ्ख्य विद्रोही समूहहरूलाई प्रभाव पारे, जसले औपनिवेशिकता र तानाशाही शासनहरूविरुद्धको आफ्नै सङ्घर्षमा आफ्नो छापामार रणनीति अपनाए । ग्वेभाराको अन्तर्राष्ट्रियताप्रतिको वैचारिक प्रतिबद्धता - साम्राज्यवादविरुद्धको सङ्घर्षले उत्पीडितहरूका बिचमा विश्वव्यापी ऐक्यबद्धता आवश्यक हुन्छ भन्ने उनको विश्वासले विश्व क्रान्तिकारी सर्कलमा उनको हैसियतलाई अझ उच्च बनायो । उनको कामले छापामार युद्ध सञ्चालन गर्न व्यावहारिक मार्गनिर्देशन मात्र प्रदान गरेको छैन तर अनगिन्ती व्यक्ति र समूहहरूलाई उनीहरूको राजनीतिक र सामाजिक उद्देश्यहरू प्राप्त गर्न हतियार उठाउन प्रेरित गरेको छ ।

छापामार युद्धको सिद्धान्त र अभ्यासमा चे ग्वेभाराको योगदानले उनलाई प्रतिरोध र क्रान्तिको चिरस्थायी प्रतीक बनाएको छ, जसलाई कतिपयले प्रशंसनीय बनाएका छन् र अरूले यही कारणले आलोचना गरेका छन् । उनको रणनीतिक आविष्कार र शक्ति संरचनामा क्रान्तिकारी वैचारिक प्रतिबद्धताले क्रान्तिकारी युद्धको इतिहासमा अमिट छाप छोडेको छ ।

**अन्तर्राष्ट्रिय प्रयास र गतिविधिहरू, कङ्गोमा प्रयासहरू**

क्युवाली क्रान्तिपछि चे ग्वेभाराले ल्याटिन अमेरिकाभन्दा बाहिर समाजवादी क्रान्ति फैलाउने प्रयास गरे । १९६५ मा कङ्गोको गुप्त यात्रा गरे । स्थानीय विद्रोहीहरूलाई पश्चिमा समर्थक सरकारलाई परास्त गर्न मद्दत गर्ने लक्ष्य राख्दै उनले कङ्गोमा ग्वेभाराको समय, उनका अन्य शोषणहरूभन्दा कम प्रचारित भए पनि, साम्राज्यवादविरुद्धको विश्वव्यापी सङ्घर्षमा उनको विचारलाई आकार दिन महत्त्वपूर्ण थियो । उनले क्युबामा सफल साबित भएको छापामार युद्ध रणनीतिलाई दोहोर्‍याउने प्रयास गर्दै सैन्य प्रशिक्षण र रणनीतिक सल्लाह दिए । यद्यपि, कङ्गोमा उनका प्रयासहरू भाषा अवरोधहरू, सांस्कृतिक भिन्नताहरू र स्थानीय लडाकुहरूबिच अनुशासन र वैचारिक प्रतिबद्धताको कमीलगायतका चुनौतीहरूले भरिएका थिए । यी बाधाहरूले कङ्गो मिसन विफलताउन्मुख भयो । विफलता मिसनको बारेमा र ग्वेभाराले कङ्गोलाई निराश भई कङ्गो छोडे तर अझै पनि आफ्नो क्रान्तिकारी गतिविधिहरू जारी राख्न दृढ सङ्कल्पित थिए ।

**बोलिभियामा संलग्नता**

कङ्गोका असफलताहरूबाट अविचलित, ग्वेभाराले त्यसपछि बोलिभियामा ध्यान केन्द्रित गरे, जहाँ उनले विश्वास गरे कि सफल क्रान्तिले दक्षिण अमेरिकाभर डोमिनो प्रभाव पार्न सक्छ । सन् १९६६ मा उनले बोलिभियाको जङ्गलमा गोप्यरूपमा एउटा सानो छापामार समूहलाई भेला गरे । उनको उद्देश्य किसान विद्रोहलाई प्रज्वलित गर्ने थियो जसले कठपुतली बोलिभियाली सरकारलाई पराजित गर्नेछ । बोलिभियामा ग्वेभाराको समय सायद उनले राखेको डायरीको लागि सबैभन्दा उल्लेखनीय छ, जुन पछि 'द बोलिभियन डायरी' को रूपमा प्रकाशित भयो । यस कार्यले उहाँको अन्तरदृष्टि प्रदान गर्दछ, रणनीतिक सोच र छापामार युद्धको कठोर वास्तविकताहरू छर्लङ्ग पार्छ । उनको प्रयास र दृढ सङ्कल्पको बाबजुद, कारकहरूको संयोजनका कारण अभियान असफल भयो : सीमित स्थानीय समर्थन, चुनौतीपूर्ण भू-भाग र बोलिभियाली सेनाको प्रभावकारी प्रतिविद्रोह रणनीति, सीआईएद्वारा सहयोग गरिएको थियो ।

चे ग्वेभाराका अन्तर्राष्ट्रिय गतिविधिहरूले विश्वव्यापी क्रान्तिकारी समाजवादप्रतिको उनको प्रतिबद्धता र विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा व्यक्तिगतरूपमा सहभागी हुने उनको इच्छालाई प्रकाश पार्छ । कङ्गो र बोलिभिया दुबैमा अन्तिम सैन्य असफलताको बाबजुद यी प्रयासहरूले विश्वव्यापी क्रान्तिकारी आन्दोलनहरूमा उनको स्थायी प्रभाव र साम्राज्यवादविरुद्ध विश्वव्यापी क्रान्तिको आवश्यकतामा उनको विश्वासलाई जोड दियो ।

**आधुनिक आन्दोलनहरूमा विरासत र प्रभाव, विद्रोहको प्रतीक**

चे ग्वेभारा विद्रोह र क्रान्तिकारी जोशको स्थायी प्रतीक बनेका छन् । उनको प्रतिष्ठित छवि, विशेषगरी अल्बर्टो कोर्दाद्वारा प्रसिद्ध फोटो, विश्वव्यापीरूपमा मान्यता प्राप्त छ र प्राय: लोकप्रिय संस्कृतिमा उत्पीडन र अन्यायको विरोधलाई सङ्केत गर्न प्रयोग गरिन्छ । यो छवि अनगिन्ती पोस्टरहरू, टी-सर्टहरू र भित्ति चित्रहरूमा छापिएको छ, जसले ग्वेभारालाई ऐतिहासिक व्यक्तित्वबाट प्रतिसंस्कृति र अवज्ञाको विश्वव्यापी प्रतीकमा रूपान्तरण गरेको छ । उहाँको विरासत विभिन्न राजनीतिक समूह र राजनीतिक स्पेक्ट्रममा आन्दोलनहरूद्वारा आह्वान गरिएको छ, वामपन्थी कार्यकर्ताहरू र विश्वव्यापीकरणविरोधी आन्दोलनकारीहरूदेखि लिएर सामाजिक न्यायको लागि लड्नेहरूसम्म, उहाँको क्रान्तिकारीको व्यापक प्रभावलाई चित्रण गरेको छ ।

**आजको सांस्कृतिक र राजनीतिक प्रभाव**

ग्वेभाराको प्रभाव प्रतिमाविज्ञानभन्दा बाहिर फैलिएको छ; उनका लेखन र भाषणहरूले नयाँ पुस्ताका कार्यकर्ता र विचारकहरूलाई प्रेरणा दिइरहेका छन् । उनको छापामार युद्धको अवधारणा र समाजवादी आदर्शहरूलाई बढावा दिन अग्रगामीको भूमिकालाई शैक्षिक सर्कल र क्रान्तिकारी समूहहरूले समानरूपमा अध्ययन गरेका छन् । राजनैतिकरूपमा, साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबिचको विश्वव्यापी ऐक्यबद्धतासम्बन्धी ग्वेभाराका विचारहरू आजको आर्थिक असमानता र नवउदारवादी नीतिहरूविरुद्धको सङ्घर्षहरूमा प्रतिध्वनित छन् । ल्याटिन अमेरिकाजस्ता क्षेत्रहरूमा, उहाँका विचारहरूले विदेशी प्रभुत्वको प्रतिरोध गर्न र क्षेत्रीय स्वायत्तता र सामाजिक सुधारको पछि लाग्ने समकालीन आन्दोलनहरूलाई प्रभाव पार्छ ।

उहाँका कार्य र विधिहरू वरपरका विवादहरूको बावजुद, चे ग्वेभाराको आधुनिक आन्दोलनहरूमा प्रभाव गहिरो छ । विश्वव्यापी समाजवादको कारणको लागि उनको समर्पणको लागि धेरैले प्रशंसा गरे । संसारलाई परिवर्तन गर्ने उनको प्रतिबद्धताले आफूले विश्वास गरेको कुरालाई अझ राम्रो मान्ने र यथास्थितिलाई चुनौती दिन खोज्नेहरूलाई र आमूल परिवर्तनको वकालत गर्नेहरूलाई प्रेरित गर्न जारी राख्नेछ ।

**विवाद र आलोचनाहरू, मानव अधिकार मुद्दाहरू**

क्युवाली क्रान्तिमा चे ग्वेभाराको भूमिका र क्युवा र अन्य ठाउँमा पछिल्ला कार्यहरू विशेष गरी मानव अधिकारको बारेमा गहन बहसको विषय बनेको छ । नयाँ क्युवाली सरकारको नेताको रूपमा, ग्वेभारा क्रान्तिकारी न्यायाधीकरणको स्थापनामा संलग्न थिए जसले धेरै पूर्व बाटिस्टा अधिकारीहरू र संदिग्ध युद्ध अपराधीहरूलाई न्याय र मृत्युदण्ड दिएका थिए जुन धेरै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निष्पक्ष परीक्षणलाई विचार गर्नेछन् । आलोचकहरू तर्क गर्छन् कि यी कार्यहरूले मानव अधिकार र कानुनी मापदण्डहरूको बेवास्ता गर्दछ, ग्वेभारालाई निर्दयी र अधिनायकवादी भनेर ब्रान्डिङ गर्दछ । क्रान्तिकारी न्यायको लागि उनको कट्टर समर्थन - प्राय: उनको प्रसिद्ध म्याक्सिममा सङ्क्षेप गरिएको छ, "अपराधीलाई मृत्युदण्ड दिनु, एक निश्चित हदसम्म, एक क्रान्तिकारी कार्य हो" - क्रान्तिकारी आवश्यकताको आडमा दमनकारी रणनीतिको लागि औचित्यको रूपमा आलोचना गरिएको छ ।

**नीतिहरूको आर्थिक प्रभाव**

आर्थिकरूपमा, नेसनल बैङ्क अफ क्युवाको अध्यक्ष र पछि उद्योग मन्त्रीको रूपमा ग्वेभाराको कार्यकाल व्यावहारिक विशेषज्ञताको कमीको कारणले आलोचना भएको थियो, जसलाई कतिपयले असक्षम भएको तर्क गर्छन् । व्यवस्थापन र आर्थिक नीतिहरूले क्युवाको पछिको आर्थिक कठिनाइहरूमा योगदान पुर्‍यायो । द्रुत औद्योगिकीरणको लागि उनको अभियान र कृषि सुधारका नीतिहरू, जबकि वैचारिकरूपमा एक समाजवादी समाज निर्माण गर्न प्रेरित, आर्थिक व्यवस्थापनको जटिलताहरूलाई बेवास्ता गरेको भनिन्छ । आलोचकहरू तर्क गर्छन् कि यी नीतिहरूले क्युवाको लागि महत्त्वपूर्ण आर्थिक कठिनाइहरू निम्त्याए, जसमा उत्पादकतामा कमी र सोभियत आर्थिक समर्थनमा अत्यधिक निर्भरता समावेश छ, जुन सोभियत सङ्घको पतनपछि विशेषरूपमा स्पष्ट भयो ।

चे ग्वेभाराको जीवन र कामले चर्को बहस र ध्रुवीकृत विचारहरू जगाइरहेको छ । उहाँका आदर्शहरूप्रतिको उहाँको प्रतिबद्धता र त्यसमा कार्य गर्ने तत्परतालाई व्यक्तिगत अधिकार र आर्थिक स्थायित्वमा पार्ने प्रभावका लागि व्यापकरूपमा आलोचना गरिएका कार्यहरू र निर्णयहरूद्वारा मेल खाएको थियो । यी विवादले सुनिश्चित गर्दछ कि ग्वेभारा एक जटिल व्यक्तित्व बनेको छ, धेरैले उनको समर्पण र दर्शनको लागि प्रशंसा गरेका छन्, तर अरूले स्वतन्त्रता र मानव अधिकारका सिद्धान्तहरूको विरोधी ठानेका कार्यहरूको लागि अरूले आलोचना गरेका छन् ।

**मिडिया र साहित्यमा प्रतिनिधित्व पुस्तकहरू र चलचित्रहरू**

चे ग्वेभाराको जीवन र विचारधारालाई जीवनी पुस्तकदेखि लिएर

*बाँकी पृष्ठ ८ मा*



इरानको राजधानी तेहरानमा इजरायली आक्रमणबाट आगलागी भएको भवनमा आगो निभाइसकेपछि इरानी अग्निसमन कर्मचारीहरू जून, १३, २०२६ का दिन । इरान-संरा अमेरिका वार्ता सम्झौतानजिक पुग्दा युद्ध भड्काउन इजरायलले इरान र लेबनानमाथि आक्रमण गरिरहेको छ ।

*तस्बिर : प्रेस टिभी*

# निकासी आदेशपछि लेबनानमा इजरायली आक्रमण

बेरुत (लेबनान), ३० जेठ ( एएफपी) । निकासी चेतावनी जारी गरेको केही समयपछि इजरायली सेनाले छापा मारी नबतीह सहर सहितका विभिन्न २० वटा स्थानहरूमा इजरायले आक्रमण गरेको लेबनानले रिपोर्ट गरेको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले इजरायली हवाई आक्रमणले नबातियाहबाट टाढा अवस्थित रिहान र सुजुड गाउँहरूसहित चेतावनी जारी गरिएका धेरै क्षेत्रहरूमा प्रहार गरेको बताएको छ ।

इजरायली सेनाले चेतावनीले जारी गर्दै बासिन्दाहरूलाई तुरुन्तै आफ्नो घर खाली गर्न र इजरायलसँगको दक्षिणी सीमाबाट करिब ४५ किलोमिटर टाढा जहरानी नदीको उत्तरमा जान आग्रह गरेको जनाइएको छ ।

इजरायली सेनाले गत महिना नदीको दक्षिणका सबै क्षेत्रलाई 'युद्ध क्षेत्र' घोषणा गरेको थियो । शुक्रबार राति एनएनएले अली ताहेर पाहाड नजिकै विस्फोट तथा गोलाबारी भएको रिपोर्ट गरेको छ ।

दक्षिण लेबनानमा आक्रमण गर्ने इजरायली सेना माथि आक्रमण जारी राखेको बताउँदै हेजबुल्लाहले आफ्ना लडाकुहरू मजदल जोन सहरतर्फ अघि बढिरहेको इजरायली सेनाको सामना गरेको बताएको छ ।

इजरायल र हेजबुल्लाह लामो समयदेखि नै युद्धमा छन् भने इरान समर्थित समूहले लेबनानलाई मध्य पूर्वको द्वन्द्वमा इजरायलमा रकेट फायर गरेर अमेरिका-इजरायल आक्रमणमा इरानको सर्वोच्च नेताको हत्याको बदला लिन लगाएको जनाइएको छ ।

इजरायलले आक्रमणको अभियान निरन्तर जारी गर्दा लेबनानमा तीन हजार ७०० भन्दा बढी मानिसहरूको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

इजरायल र हेजबुल्लाहले अप्रिलको युद्धविरामलाई नजर अन्दाज गरेका छन् भने वासिङटनमा भएको लेबनानी-इजरायली प्रत्यक्ष वार्ताको चौथो चरणपछि यस महिना घोषणा गरिएको सशर्त युद्धविराम सम्झौता पनि कार्यान्वयन भएको छैन ।

हेजबुल्लाहले प्रत्यक्ष वार्ता र सशर्त सम्झौतालाई अस्वीकार गरेको छ, जसमा यसलाई आक्रमणहरू रोक्न प्रस्ताव गरिएको छ भने इजरायलाई लेबनानबाट सेना फिर्ता लिन प्रस्ताव गरिएको छ तर कुनै उल्लेख्य उपलब्धि भएको जनाइएको छैन ।

इरानले लामो समय चलेको मध्यपूर्व युद्धको अन्त्य गर्न लेबनान कुनै पनि सम्झौतामा सहभागि हुनुपर्ने एक जना वरिष्ठ अमेरिकी अधिकारीले बताउनुभएको छ ।

यद्यपि, लेबनानका नेताहरूले तेहरानलाई लेबनानलाई मोलतोल गर्ने बस्तुको को रूपमा व्यवहार गरेको आरोप लगाएका छन् । हेजबुल्लाहका सांसद अली फयादले शनिबार लेबनानलाई इरान युद्ध अन्त्य गर्न कुनै पनि सम्झौताको फाइदा लिन आग्रह गरेका छन् ।

लेबनानका राष्ट्रपति जोसेफ आउनले शनिबार सामाजिक सञ्जाल एक्समा लेबनानले 'एक दुर्भाग्यपूर्ण परीक्षा' को सामना गरिरहेको बताउनुभएको छ ।

# गाजापट्टीमा नागरिक तथा नागरिक पूर्वाधारको संरक्षण गर्न राष्ट्रसङ्घको आह्वान

न्युयोर्क, ३० जेठ (क्युएनए) । संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार गाजापट्टीमा नागरिक तथा नागरिक पूर्वाधारको सुरक्षा गर्न आह्वान गरेको छ ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय ( ओसिएचए) ले विज्ञप्ति जारी गर्दै गाजामा नागरिक तथा नागरिक पूर्वाधार, सहायताकर्मीहरू र उनीहरूको सम्पत्ति इजरायली हवाई आक्रमण र गोलाबारीको जोखिममा रहेको चेतावनी दिएको छ ।

पछिल्लो इजरायली हवाई आक्रमणले देइर अल-बलाहमा एउटा मानवीय सङ्गठनको भवनलाई क्षति पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ भने पूर्वाधारमा भएको क्षतिका कारण केरेम अबु सलेम सिमा हुँदै गाजामा आपूर्तिको प्रवेश पनि घटेको जनाइएको छ ।

पश्चिम क्षेत्रका बासिन्दाहरूका लागि पानी र सरसफाइ सेवाहरूको पहुँचको कमी र उत्तरी वेस्ट ब्याङ्क, दक्षिणमा मासफर यट्टा र अन्य क्षेत्रहरूमा बसोबास गर्नेहरूका लागि द्वन्द्व आवागमन प्रतिबन्ध रहेको विज्ञप्तिमा उल्लेख छ ।

संयुक्त राष्ट्र ससङ्ले आफ्ना मानवीय साझेदारहरूसँग मिलेर कमजोर परिवारहरूका लागि गाजामा खाना, औषधि लगायतका सामग्री आपूर्तिहरू ढुवानी गरेको जनाएको छ । विश्व स्वास्थ्य सङ्गठन र यसका साझेदारहरूले २६ जना बिरामी र उनीहरूका साथीहरूको लागि आवाश्क मेडिकल निकासीलाई पनि सहयोग गरेका छन् ।

# सर्तहरू पूरा नभएसम्म अन्तिम सम्झौतामा हस्ताक्षर नगर्ने इरानको चेतावनी

तेहरान, ३० जेठ (एएनआई) । अन्तरिम सम्झौता कार्यान्वयन नभएसम्म संयुक्त राज्य अमेरिकासँग आणविक वार्ता अगाडि नबढ्ने चेतावनी दिँदै इरानी विदेशमन्त्री अब्बास अराघचीले पूर्वनिर्धारित प्रावधानहरू पूरा नभएनसम्म अन्तिम सम्झौतामा हस्ताक्षर नगर्ने बताउनुभएको छ ।

इरानको इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङ (आइआरआइबी) सँग कुरा गर्दै अराघचीले प्रारम्भिक सम्झौता पछि संयुक्त राज्य अमेरिकालाई आफ्नो प्रतिबद्धता पूरा गर्न ६० दिनको समय दिइने र दायित्व पूरा भएपछि मात्र स्थिति सहज हुने बताउनुभएको छ । समझदारी तथा ज्ञापन-पत्रका प्रावधानहरू पूरा नभएसम्म अन्तिम सम्झौतामा हस्ताक्षर नहुने इरानी विदेशमन्त्रीलाई उद्धृत गर्दै आइआरआइबीले जनाएको छ ।

अराघचीले इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्भित्र सामूहिक रूपमा निणय गरिने र सम्झौता स्वीकृत भएमा हस्ताक्षर गरिने बताउनुभएको छ ।

उहाँले अमेरिकी अधिकारीहरूले सम्झौताको पूर्ण पालना गर्न नसक्ने आरोप लगाउँदै इरानले कार्यान्वयन चुनौतीहरूको अपेक्षा गरेको पनि चेतावनी दिनुभएको छ ।

यस्ता प्रतिबद्धताहरू तोड्नु अमेरिकी राजनीतिज्ञहरूको स्वभाव भएको बताउँदै उहाँले सम्झौता कार्यान्वयन नगरी अवरोधहरू सिर्जना गरेमा अन्तिम सम्झौतामा हस्ताक्षर नगर्ने बताउनुभएको छ ।

आफ्नो सुरक्षाको ग्यारेन्टीका लागि सुरक्षा परिषद्, संयुक्त राष्ट्र सङ्घ वा अन्तरक्षेत्रीय गठबन्धनमा भर नपरी भगवान, जनता र आफ्नै सशस्त्र सेनाको समन्वयमा अगाडि बढ्ने उहाँले बताउनुभएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिका-इरानबिच २४ घण्टाभित्र सम्झौता हुनसक्ने : पाकिस्तान

तेहरान, ३० जेठ (एएफपी) । संयुक्त राज्य अमेरिका र इरानले मध्यपूर्व युद्ध अन्त्य गर्न '२४ घण्टाभित्र' सम्झौता गर्न सक्ने प्रमुख मध्यस्थकर्ता पाकिस्तानले शनिबार जनाएको छ ।

यस क्षेत्र र विश्व अर्थतन्त्रलाई तहसनहस पारेको महिनौं लामो युद्धमा स्ट्रेट अफ हर्मुजमा नयाँ झडपका बाबजुद द्वन्द्वरत पक्ष र मध्यस्थकर्ताहरूले लामो समयदेखि प्रतिक्षा गरिएको सम्झौता अन्तिम चरणमा रहेको दाबी गरेका हुन् ।

अप्रिल ८ मा भएको युद्धविरामपछि शान्ति सम्झौताका लागि हप्तौंको वार्ता अहिलेसम्म सफल हुनसकेको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लामो समयसम्म युद्धविराम लम्ब्याउनमात्र यो सम्झौता सहमतिको नजिक छ ।

पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले शनिबार एक्समा लेख्नुभएको छ, "पहिलेभन्दा धेरै विषयमा सहमति जुटेको छ र स्थायी शान्तिका लागि सम्झौता गर्न हामी सफलता नजिक छौँ ।

"अर्को २४ घण्टाभित्र अन्तिम रूप दिने अपेक्षा गरिएको छ, पाकिस्तानले शान्ति सम्झौताको लागि तुरुन्तै इलेक्ट्रोनिक पत्रमा हस्ताक्षरको तयारी गरिरहेको छ र त्यसपछि अर्को हप्ता प्राविधिक स्तरको वार्ता हुनेछ ।"

# उत्तरपश्चिमी पाकिस्तानमा भारी वर्षा, चार जनाको मृत्यु, १६ घाइते

इस्लामाबाद, ३० जेठ (क्युएनए) । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको बन्नू जिल्लामा भएको भारी वर्षाका कारण चार जनाको मृत्यु हुनुका साथै १६ जना घाइते भएको क्षेत्रीय अधिकारीहरूले शनिबार बताएका छन् ।

प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणले पाकिस्तानको विभिन्न क्षेत्रहरूमा आएको तीव्र हावाले धेरै घरहरूमा क्षति पुऱ्याएको बताएको छ । जसको परिणामस्वरूप स्थानिय बासिन्दाहरूको मृत्यु तथा घाइते भएका छन् । गम्भीर मौसमले पशुधनकोसमेत क्षति पनि निम्त्याएको प्राधिकरणले जनाएको छ ।

स्थानीय अधिकारीहरू र आपत्कालीन एजेन्सीहरूले प्रभावित क्षेत्रहरूमा राहत कार्यहरू जारी राखेका छन् भने क्षति र क्षतिको मात्र निर्धारण गर्न मूल्याङ्कन भइरहेको बताइएको छ ।

प्राधिकरणले बासिन्दाहरूलाई प्रतिकूल मौसमको समयमा सावधानी अपनाउन र भत्किने जोखिममा रहेका भवन तथा संरचनाहरूबाट टाढा रहन आग्रह गरेको छ ।

# उत्तरपूर्वी भारतमा सैन्य विमान दुर्घटना

नयाँदिल्ली, ३० जेठ (सिन्ह्वा) । भारतीय वायु सेना (आइएएफ) को एएन-३२ परिवहन विमान शनिबार उत्तरपूर्वी राज्य आसाममा दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् ।

यस क्षेत्रमा कार्गो र आपूर्तिका लागि प्रयोग गरिने दुई इन्जिन भएको टर्बोप्रप सैन्य परिवहन विमान, आसामको राजधानी दिसपुरबाट लगभग २९८ किलोमिटर उत्तरपूर्वमा रहेको जोरहाट जिल्लाको आइएएफ स्टेशनमा अवतरण गर्ने प्रयास गर्दा दुर्घटनाग्रस्त भएको जनाइएको छ ।

अहिलेसम्म, दुर्घटनामा हताहत भएको कुनै रिपोर्ट गरिएको छैन । दुर्घटनापछि, वरिष्ठ आइएएफ अधिकारीहरू उद्धार र उद्धार अधिकारीहरूको समन्वयमा घटनास्थलमा उद्धार आगो नियन्त्रण गरेको बताइएको छ ।

दुर्घटनाको कारण आलसम्म पत्ता नलागेको जनाउँदै आइएएफले अनुसन्धानको लागि निर्देशन दिइसकेको बताएको छ ।

# पाकिस्तानद्वारा ७६३ जना अफगान कैदी कैद मुक्त, ३७ सय शरणार्थी स्वदेश फिर्ता

काबुल, ३० जेठ (सिन्ह्वा) । पाकिस्तानले गत हप्तामा मात्र ७६३ अफगान कैदीहरूलाई जेलबाट मुक्त गरेको जनाएको छ । यसैगरी तीन हजार ७०० अफगान शरणार्थीहरू एकै दिनमा पाकिस्तानबाट स्वदेश फर्केको अफगान अधिकारीहरूले शनिबार बताएका छन् ।

विभिन्न अभियोगमा पक्राउ परेका कैदीहरू दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डक सीमा र पूर्वी नङ्गरहार प्रान्तको तोरखाम सीमा हुँदै अफगानिस्तानमा प्रवेश गरेको अधिकारीहरूले जनाएका छन् ।

अनुमानित ६० लाख अफगानीहरू विदेशमा रहेका छन्, जसमध्ये अधिकांश छिमेकी पाकिस्तान र इरानमा छन् भने पछिल्लो समयमा दुवै देशले कागजातविहीन विदेशी नागरिकहरूलाई आफ्नो घर फर्कन दबाब बढाएको छ ।

# ठूलो बजेट, साँघुरो बाटो

✍ निशान्त खनाल

नेपालको अर्थतन्त्र यतिबेला जटिल मोडमा रहेको छ । बैङ्किङ प्रणालीमा तरलता पर्याप्त छ । ब्याजदर घटेको छन् । रेमिट्यान्स ऐतिहासिक रूपमा बढेको छ । विदेशी मुद्रा सञ्चिति सहज अवस्थामा छ । तर लगानी न्यून छ, निजी क्षेत्रको मनोबल कमजोर छ, निर्माण क्षेत्र थलिएको छ, युवा जनशक्तिको बाहिरिने क्रम निरन्तर छ र चालू वर्षको आर्थिक वृद्धि ३.८५ प्रतिशत हाराहारीमा सीमित हुने अनुमान छ । यस्तो अवस्थामा ७ प्रतिशत वृद्धिको लक्ष्य महत्त्वाकाङ्क्षी देखिन्छ ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/८४ का लागि रु. २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट प्रस्तुत गरेका छन् । अघिल्लो आर्थिक वर्षको बजेट रु. १९ खर्ब ६४ अर्ब ११ करोडको तुलनामा यो करीब ८.१६ प्रतिशतले ठूलो बजेट हो ।

सरकारले आगामी वर्ष ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको छ । पहिलो दृष्टिमा हेर्दा बजेटको आकार, कर सुधारका घोषणा, निजीक्षेत्रलाई दिइएका सङ्केत र आर्थिक सुधारको भाषाले आशाको सञ्चार गर्छ । यद्यपि, बजेटको वास्तविक मूल्याङ्कन त्यसले के घोषणा गऱ्यो भन्ने आधारमा भन्दा पनि त्यसले अर्थतन्त्रका संरचनात्मक समस्यालाई कति सम्बोधन गर्न सक्छ भन्ने आधारमा गर्नुपर्छ ।

रु. २१ खर्ब २४ अर्बको यो बजेट अघिल्लो वर्षको कुल विनियोजनभन्दा ८ प्रतिशत ठूलो देखिए पनि गत वर्ष मध्यावधि समीक्षामा घटाएर रु. १६ खर्ब ८८ अर्बमा झारिएको यथार्थ खर्चसँग तुलना गर्दा यो झन्डै २५ प्रतिशत ठूलो हो । राष्ट्रिय योजना आयोगले दिएको रु. १८ खर्ब ९० अर्बको सिलिङ (सीमारेखा) भन्दा पनि यसपालिको बजेट माथि छ । यो आकारको बजेट धान्ने स्रोत कहाँबाट आउँछ ? सरकारले रु. १४ खर्ब ५ अर्ब राजस्व उठाउने लक्ष्य राखेको छ । चालू आर्थिक वर्षमा सरकार आफ्नो राजस्व लक्ष्यभन्दा करीब ३० प्रतिशतले पछि परिरहेको अवस्था छ । बाँकी रु. ६ खर्ब ५७ अर्बको श्रोतका लागि रु. २ खर्ब ४७ अर्ब वैदेशिक ऋण र रु. ४ खर्ब १० अर्ब आन्तरिक ऋण लिने योजना रहेको सरकारले भनेको छ– यो ऋण इतिहासकै सबैभन्दा ठूलो आन्तरिक ऋण हो । जम्मा उठाइने आन्तरिक ऋणमध्ये करीब रु. २ खर्ब ४६ अर्ब पुरानै आन्तरिक ऋणको साँवा फिर्ता तिर्नमै जान्छ । अर्थात् नयाँ ऋण लिएर पुरानो ऋण तिर्ने चक्रमा अर्थतन्त्र प्रवेश गरिसकेको छ ।

अर्कोतर्फ नेपालको पूँजीगत खर्चतर्फको विनियोजन एक दशकदेखि कुल बजेटको करीब २० प्रतिशतमै अड्किएको छ । विगत एक दशकमा बजेटको आकार औसत १२.३ प्रतिशतले बढ्दा आर्थिक वृद्धि भने ४.१ प्रतिशतमा सुस्ताएको छ । अर्थात् ठूलो हुँदै गएको बजेटले आर्थिक वृद्धि बढाउन सकेको छैन । नेपालको अर्थतन्त्र यतिबेला जटिल मोडमा उभिएको छ । बैङ्किङ प्रणालीमा तरलता पर्याप्त छ, ब्याजदर घटेका छन्, रेमिट्यान्स ऐतिहासिक रूपमा बढेको छ, विदेशी मुद्रा सञ्चिति सहज अवस्थामा छ । तर लगानी न्यून छ, निजी क्षेत्रको मनोबल कमजोर छ, निर्माण क्षेत्र थलिएको छ, युवा जनशक्ति बाहिरिने क्रम निरन्तर छ र चालू वर्षको आर्थिक वृद्धि ३.८५ प्रतिशत हाराहारीमा सीमित हुने अनुमान छ । यस्तो अवस्थामा ७ प्रतिशत वृद्धिको लक्ष्य महत्त्वाकाङ्क्षी देखिन्छ र उक्त लक्ष्य प्राप्त गर्ने आधार बलियो छ कि छैन भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ ।

यस बजेटको सबैभन्दा ठूलो विशेषता यसको आकारभन्दा पनि सरकारले देखाउन खोजेको सुधारमुखी चरित्र हो । व्यक्तिगत आयकरको सीमा बढाइनु, अधिकतम आयकर दर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारिनु, भन्सार कर संरचनालाई ११ तहबाट ७ तहमा सीमित गरिनु, ३६० वस्तुमा अन्त:शुल्क हटाइनु तथा २७३ प्रकारका औद्योगिक कच्चा पदार्थमा भन्सार दर घटाइनु प्रशासनिक निर्णय मात्र होइन । यी निर्णय उत्पादन लागत घटाउने, उद्योगलाई प्रतिस्पर्धी बनाउने र औपचारिक अर्थतन्त्र विस्तार गर्ने प्रयासस्वरुप आएको देखिन्छ । गैरआवासीय नेपालीलाई दोस्रो बजारमा लगानी खुला र सहजीकरण गरिनु, नेपाली कम्पनीलाई ( जिडिआर) मार्फत अन्तर्राष्ट्रिय पूँजी बजारमा पहुँच दिने व्यवस्था गर्नु, सूचना प्रविधिलाई रणनीतिक उद्योग घोषणा गरी सहुलियत दिने निर्णय, स्टार्टअपलाई पाँच वर्ष आयकर छूट तथा कर विवाद समाधान योजनालगायत कदमले सरकार आर्थिक सुधारको दोस्रो चरणमा प्रवेश गर्न खोजेको सङ्केत दिन्छ । यस अर्थमा यो बजेट विगत केही वर्षका बजेटको तुलनामा निजीक्षेत्रमैत्री र सुधारमुखी देखिन्छ । तर सुधारको घोषणा र त्यसको परिणाम एउटै विषय होइनन् । नेपालको आर्थिक इतिहास हेर्दा राम्रा नीति पनि कमजोर कार्यान्वयनका कारण अपेक्षित परिणाम दिन असफल भएका छन् भन्ने विषय देखिसकेको छ ।

**सरकारी कर्मचारीप्रति उदार**

यस बजेटको अर्को महत्त्वपूर्ण पक्ष मध्यमवर्ग र सरकारी कर्मचारीप्रति देखिएको उदारता हो । व्यक्तिगत आयकरमा दिइएको राहतले औपचारिक क्षेत्रमा कार्यरत कर्मचारी तथा पेशागत वर्गलाई प्रत्यक्ष लाभ पुग्नेछ । यसले उनीहरूको खर्चयोग्य आम्दानी बढाउँछ र अहिले बजारमा कम भएको उपभोगमा सुधार ल्याउन सक्छ । तर यो निर्णयले उठाएको अर्को महत्त्वपूर्ण प्रश्न नेपालको अर्थतन्त्रको सबैभन्दा कमजोर वर्ग को हो ? त्यो आयकर तिर्ने मध्यमवर्ग मात्र होइन, अनौपचारिक क्षेत्रमा रहेका श्रमिक, साना किसान, आफै सानोतिनो उद्यम गरेका स्वरोजगार नागरिक र निम्न मध्यम वर्ग पनि हो, जसले धेरै आयकर तिर्दैनन् होला तर कर छूटबाट प्रत्यक्ष लाभ पनि पाउँदैनन् ।

यस बजेटमा एउटा विरोधाभास देखिन्छ । एकातिर औपचारिक क्षेत्रलाई कर छूट दिइएको छ भने अर्कोतिर विभिन्न अप्रत्यक्ष कर र शुल्कका कारण उपभोग लागत बढ्ने सम्भावना छ । विद्युतमा थपिएको करको प्रभाव, शिक्षामा लगाइएको समता शुल्क, विद्युतीय सवारीमा महसुल समायोजन, निर्माण सामग्रीमा देखिएका कर परिवर्तन तथा कर्मचारीको तलब वृद्धिपश्चात् बजारमा आउन सक्ने अतिरिक्त मागले मूल्यवृद्धिमा दबाब सिर्जना गर्न सक्छ । अर्थात् मध्यमवर्गले कर छुटबाट लाभ पाए पनि निम्न र निम्न–मध्यम वर्गले महँगीको दबाब बढी महसुस गर्नुपर्ने अवस्था आउन सक्छ ।

यस बजेटमा कम चर्चा भएको तर अत्यन्त महत्त्वपूर्ण विषय सामाजिक सुरक्षा हो । वृद्धभत्ता, निवृत्तिभरण, स्वास्थ्य बीमा अनुदान तथा अन्य सामाजिक सुरक्षा कार्यक्रममा राज्यको खर्च बढिरहेको छ । सामाजिक सुरक्षा नागरिकको अधिकार हो र यसको आवश्यकता अस्वीकार गर्न सकिँदैन । तर अहिले देखिएको प्रवृत्तिले एउटा गम्भीर वित्तीय प्रश्न उठाउँछ । सामाजिक सुरक्षामा खर्च बढ्दै गएको छ, तर अनौपचारिक क्षेत्रमा रहेका ठूलो जनसङ्ख्याको पहुँच अझै सीमित छ ।

बजेटले निजीक्षेत्रलाई धेरै सकारात्मक सङ्केत दिएको छ । कर विवाद समाधान योजना, वाणिज्य अदालत स्थापना, विदेशी लगानी स्वीकृति प्रक्रियामा सरलीकरण, नाफा फिर्ता लैजान सहजता, स्टार्टअप तथा आइटी क्षेत्रलाई प्रोत्साहन, पूँजीबजार सुधार लगायतका कदम स्वागतयोग्य छन् । तर निजी क्षेत्रको वास्तविक समस्या अहिले पूँजीको अभाव होइन । बैङ्कहरूमा लगानीयोग्य रकम पर्याप्त छ । समस्या लगानीको माग र विश्वासको हो ।

नेपालको अर्थतन्त्र अहिले मूलत: 'डिमाण्ड क्राइसिस' अर्थात् मागको सङ्कटबाट गुज्रिरहेको छ । उद्योगीहरू नयाँ लगानी गर्न हिचकिचाइरहेका छन् किनकि बजार विस्तार हुनेमा उनीहरू विश्वस्त छैनन् । निर्माण क्षेत्र सुस्त छ, उपभोग कमजोर छ, युवा जनशक्ति बाहिरिइरहेको छ र ग्रामीण अर्थतन्त्रमा पर्याप्त गतिशीलता छैन । यस्तो अवस्थामा केवल कर छुटले निजी लगानीलाई पुनर्जीवित गर्न सकिँदैन । निजीक्षेत्रले सरकारबाट करभन्दा बढी स्थिर नीति, छिटो निर्णय, विश्वसनीय नियमन र सुशासन खोजिरहेको छ ।

**नीतिगत विरोधाभास**

वास्तवमा नेपालको व्यावसायिक वातावरणमा सबैभन्दा ठूलो समस्या करको दरभन्दा पनि व्यापारको लागत हो । एउटा उद्योग खोल्न, विस्तार गर्न वा सञ्चालन गर्न लाग्ने समय, अनुमतिपत्र प्राप्त गर्नुपर्ने झन्झट, भन्सारमा हुने ढिलाइ, मूल्य अभिवृद्धि कर फिर्तामा हुने समस्या, अदालतमा वर्षौंसम्म चल्ने विवाद र नियामकीय अनिश्चितताले व्यवसायको लागत उल्लेखनीय रूपमा बढाउँछन् । बजेटले कर सुधारतर्फ कदम चालेको छ, तर व्यापारको वास्तविक लागत घटाउने खालका संरचनात्मक सुधारमा बजेटले धेरै बोलेको छैन र यिनको आवश्यकता अझै महत्त्वपूर्ण छ ।

स्थानीय उत्पादन र औद्योगिकीकरणतर्फ बजेटले मिश्रित सन्देश दिएको छ । जुट उद्योगलाई कच्चा जुटमा पूर्ण भन्सार छूट, कुखुराको दाना उत्पादनमा प्रयोग हुने केही कच्चा पदार्थमा छुट, जैविक मल उद्योगलाई सहुलियत तथा कृषि र पशुपालनसँग सम्बन्धित विभिन्न आयातमा भन्सार छुट दिनु सकारात्मक कदम हुन् । यसले आयात प्रतिस्थापन र स्थानीय उत्पादन वृद्धि दुवैलाई सहयोग पुऱ्याउन सक्छ । तर अर्कोतर्फ स्वदेशी सिमेन्टमा अन्त:शुल्क बढाइएको छ । यसले निर्माण सामग्रीको लागत बढाउन सक्छ, जसको असर पूर्वाधार, आवास तथा निर्माण क्षेत्रमा पर्ने सम्भावना छ । सरकारले एकातिर पूर्वाधारलाई आर्थिक वृद्धिको इन्जिन भनिरहेको छ भने अर्कोतिर त्यसै क्षेत्रको लागत बढ्ने निर्णय गरिरहेको छ । यही कारण बजेटमा केही नीतिगत विरोधाभास पनि देखिन्छन् ।

रोजगारीका दृष्टिले हेर्दा बजेटमा केही आशलाग्दा सङ्केत छन् । 'सिक्दै कमाउँदै' कार्यक्रम, सूचना प्रविधि क्षेत्रलाई रणनीतिक प्राथमिकता, आइटी सेवा निर्यातमा कर सहुलियत, फ्रिलान्सर र रिमोट वर्करका लागि विशेष व्यवस्था, स्टार्टअपलाई पाँच वर्षसम्म आयकर छुट तथा डिजिटल अर्थतन्त्रमा जोड युवा लक्षित देखिन्छ । नेपालले पहिलोपटक श्रम निर्यात मात्र होइन, सेवा निर्यातलाई पनि विकासको आधार बनाउन खोजेको सङ्केत यसबाट पाइन्छ । कार्यान्वयन प्रभावकारी भयो भने सूचना प्रविधि क्षेत्र आगामी दशकमा पर्यटन र रेमिट्यान्सपछि अर्को ठूलो विदेशी मुद्रा आयको स्रोत बन्न सक्ने सम्भावना छ । तर यस उद्योगका लागि चाहिने पूर्वाधार र जनशक्ति निर्माणमा नीतिगत सहजता भने अझै स्पष्ट देखिएको छैन ।

सुशासनको प्रश्नमा बजेटले केही सकारात्मक प्रतिबद्धता जनाएको छ । विभिन्न निकायको पुनर्संरचना, वाणिज्य अदालत स्थापना, भ्रष्टाचार नियन्त्रण प्रणालीलाई बलियो बनाउने घोषणा तथा सार्वजनिक खर्चमा मितव्ययिताको सन्देश सकारात्मक कदम हुन् । नेपालको वास्तविक चुनौती नीति निर्माण होइन, कार्यान्वयन हो । विगत दशकमा धेरै महत्त्वाकाङ्क्षी कार्यक्रम कागजमै सीमित भएका छन् । पूँजीगत खर्चको कमजोर अवस्था, ठेक्का व्यवस्थापनका समस्या, सङ्घ-प्रदेश-स्थानीय तहबिच समन्वयको अभाव तथा निर्णय प्रक्रियाको सुस्तताले विकास खर्चको प्रभावकारिता घटाएको छ । यही कारण बजेटको वास्तविक परीक्षा संसद्मा होइन, कार्यान्वयनको मैदानमा हुनेछ ।

समग्रमा, यसपटकको बजेट विगतका केही बजेटभन्दा बढी यथार्थवादी, सुधारमुखी र निजीक्षेत्रप्रति बढी सकारात्मक देखिन्छ । यसले अर्थतन्त्रका धेरै महत्त्वपूर्ण समस्या सही रूपमा पहिचान गरेको छ–कमजोर लगानी, साँघुरो कर आधार, औद्योगिक प्रतिस्पर्धाको कमी, युवाको पलायन, सीमित निर्यात र कमजोर उत्पादकत्व । तर समस्या पहिचान गर्नु र समाधान कार्यान्वयन गर्नु दुई फरक कुरा हुन् ।

यस वर्षको बजेटले मध्यमवर्गलाई राहत दिएको छ । निजीक्षेत्रलाई आशा र सुधारको सन्देश दिएको छ । तर तल्लो-मध्यम वर्गमाथि पर्न सक्ने महँगीको दबाब, सामाजिक सुरक्षाको बढ्दो वित्तीय भार, कमजोर माग, सीमित कार्यान्वयन क्षमता तथा सुशासनका चुनौती अझै यथावत् छन् । यसले दिने परिणाम राज्यको कार्यान्वयन क्षमता, निजी क्षेत्रको विश्वास र सुशासन सुधारमा निर्भर रहनेछ । ठूलो बजेट आफैंमा उपलब्धि होइन; त्यसलाई परिणाममा रूपान्तरण गर्ने क्षमता नै वास्तविक उपलब्धि हो ।

*(लेखक खनाल अर्थशास्त्री हुन् ।)*

# किसानका पीडा बुझिदिने कसले ?

✍ नरेन्द्रसिंह कार्की

दार्चुला । नौगाड गाउँपालिका-२ दल्लेखको डाँडामाथि बिहानको घाम झुल्किन थालेसँगै तल खार बस्तीका कान्लामा बनेका पोलिहाउसहरू सेताम्य देखिन्छन् । कतै गोलभैंडा लटरम्म फलेका छन्, कतै आलुको हरियाली फैलिएको छ । किसानहरू बिहानैदेखि पानी हाल्ने, पोलिहाउस मिलाउने र बाली स्याहार्ने काममा व्यस्त छन् तर यही हरियालीभित्र किसानका अनगिन्ती पीडा लुकेका छन् । उत्पादन बढेको छ, मेहनत बढेको छ, तर बजार अझै अनिश्चित छ । सडक भरपर्दो छैन । मूल्य व्यापारीकै नियन्त्रणमा सीमित छ ।

नौगाड गाउँपालिका-२ की सरस्वती डोबाल मन्यालले गत वर्ष यही याममा गोलभैंडा र आलु बिक्री गरेर रु. सात लाख आम्दानी गर्नुभयो । दल्लेखबाट सदरमुकाम खलङ्गासम्म पुगेर उहाँले आफ्नै खेतमा फलेको तरकारी बिक्री गर्नुभयो । तर आम्दानीसँगै सङ्घर्ष पनि उत्तिकै बढेको उहाँ बताउनुहुन्छ । "एकैपटक आठ-दस क्रेट गोलभैंडा पाक्छ", उहाँ भन्नुहुन्छ, "तर बजारमा लगेपछि एकै ठाउँमा बिक्री हुँदैन । व्यापारी खोज्दै हिँड्नुपर्छ । कहिलेकाहीँ त घरघर पुगेर बेच्नुपर्छ ।" पूरै दिनभर गोलभैंडा बेच्नैमा जाँदा फेरि घरमा पोलिहाउस रेखदेख गर्न समस्या हुन्छ । एक जनाले मात्रै पूरै तरकारी उत्पादन, सुरक्षादेखि बजार खोज्दै हिँड्न जाँदा निकै समस्या खेप्नुपरेको उहाँको भनाइ छ ।

खार-खलङ्गा सडक वर्षायाममा प्राय: अवरुद्ध हुन्छ । सडक कालोपत्रे नभएकाले पानी पर्नेबित्तिकै पहिरो खस्ने, नाली नहुँदा बाढीले सडक बगाउने र खाल्टाखुल्टी बढ्ने समस्या छ । महाकाली नगरपालिका २ र ३ अन्तर्गत पर्ने यो सडकखण्ड ठाउँठाउँमा बिग्रिएको छ । पहिरो गएको ठाउँमा अझै पर्खाल बनेका छैनन् । डुङ्रीलगायतका क्षेत्रमा अहिले पनि खोलामै गाडी गुडाउनुपर्ने बाध्यता छ ।

सडक अवरुद्ध हुँदा किसानले पिठ्युँमै तरकारी बोकेर तीन-चार घण्टा हिँडेर खलङ्गा पुग्नुपर्छ । "पानी पर्नेबित्तिकै सडक बन्द हुन्छ", सरस्वती भन्नुहुन्छ, "पाकेको गोलभैंडा खेतमै सड्छ । लगानी डुब्छ ।" तरकारीखेती नै उहाँको परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ । छोरा मिलन मन्याल र छोरी सोनिया मन्यालको पढाइ खर्च यही खेतीले धानेको छ । "बच्चालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने सपना छ", उहाँ भावुक हुँदै भन्नुहुन्छ, "तर बजार र मूल्य नपाउँदा कहिलेकाहीँ निकै निरास हुन्छु ।" श्रीमान् माधव मन्याल रोजगारीको खोजीमा काठमाडौँ गएका छन् । घरको आर्थिक जिम्मेवारी अहिले खेतीमै टिकेको छ ।

यो वर्ष परेको असिनाले पोलिहाउसमा ठुलो क्षति पुऱ्याएको सम्झिँदा सरस्वती अझै भावुक बन्नुहुन्छ । केही मिनेटमै मेहनतले हुर्काएका बोटहरू नष्ट हुँदा आफू खेतमै रोएको उहाँ सुनाउनुहुन्छ । खारकै अर्का किसान नारा मन्यालको पीडा पनि उस्तै छ । मेहनत गरेर उत्पादन गरिएको अर्गानिक गोलभैंडा कहिलेकाहीँ प्रतिकिलो ५० रूपैयाँमा पनि बिक्री हुँदैन । "गत वर्ष ५० देखि ८० रूपैयाँसम्म बिक्री भयो", उहाँ भन्नुहुन्छ, "तर नियमित बजार पाउँदैनौँ । गाउँभरि एकैपटक गोलभैंडा पाक्दा व्यापारीले मूल्य घटाइदिन्छन् ।"

खलङ्गा जिल्लाकै मुख्य बजार भए पनि व्यापारीले किसानको उत्पादन एकमुष्ट खरिद गर्दैनन् । किसान आफैं व्यापारी खोज्दै हिँड्न बाध्य छन् । अहिले भारतीय तरकारी आउन कम भएपछि व्यापारीको फोन आउन थालेको किसानहरू बताउँछन् । हामीलाई तरकारी तौल गर्न पनि आउँदैनन् । बजारमा महिलाहरू बढी जाने भएकाले उनीहरू ठगिने समस्या पनि झेलिरहेका छन् । "केजी तौलमै धेरैपटक ठगियौँ", किसान सरस्वती मन्याल सुनाउनुहुन्छ, "एकपटक त प्रशासन गुहार्नुपरेको थियो ।" उहाँका अनुसार किसानले एउटै केन्द्रबाट बिक्री गर्ने व्यवस्था भए बजार व्यवस्थापन सहज हुने थियो ।

डाँडाबाग कृषि समूहका अध्यक्ष धनसिंह सितोलीका अनुसार समूहले मात्रै प्रत्येक वर्ष ५० देखि ६० क्विन्टलभन्दा बढी गोलभैंडा उत्पादन गर्छ । आलुको उत्पादन पनि उल्लेख्य छ । "हाम्रो मुख्य समस्या बजार र सडक हो", उहाँ भन्नुहुन्छ, "उत्पादन भइरहेको छ, तर किसानले उचित मूल्य पाउँदैनन् ।"

उहाँका अनुसार जलवायु परिवर्तनले तरकारीखेतीलाई समस्या सिर्जना गरेको छ । असिना, अत्यधिक वर्षा, हावाहुरी र नयाँ रोगव्याधिका कारण तरकारी उत्पादनमा ह्रास देखिने गरेको छ । "यो वर्ष बेनदिखि नै समस्या देखियो", उहाँ भन्नुहुन्छ, "पाक्ने बेलामा पनि रोग लागेको छ । धेरैपटक बीउ परिवर्तन गऱ्यौँ, खासै सुधार भएन ।" रेखदेख औषधि गरेकै छौँ । समय समयमा बेर्ना परिवर्तन गरिएको छ । कहिले रोगले सताउँछ, कहिले मौसमले, उहाँले दु:खेसो सुनाउनुभयो ।

खार क्षेत्रमा कोल्ड स्टोर नहुँदा किसानले उत्पादन लामो समयसम्म जोगाएर राख्न सक्दैनन् । सबै किसानले एकैपटक बजारमा तरकारी ल्याउँदा मूल्य झन घट्ने गरेको छ । किसानका अनुसार यहाँ उत्पादन हुने तरकारी पूर्णरूपमा जैविक र विषादीरहित छ । एउटा बोटमै पाँचदेखि १० किलोसम्म गोलभैंडा फल्ने गरेको उनीहरू बताउँछन् । सामान्य किसानले सिजनमा पाँचदेखि सात लाख रूपैयाँसम्म आम्दानी गरिरहेका छन् । डाँडाबाग कृषि समूहमा २५ भन्दा बढी परिवार आबद्ध छन् ।

**तरकारी पकेट क्षेत्र बन्दै खार**

नौगाड गाउँपालिकाले खार क्षेत्रलाई तरकारी पकेट क्षेत्र घोषणा गरेको छ । यहाँ अधिकांश घरमा पाँचदेखि सातवटासम्म पोलिहाउस छन् । किसानले परम्परागत खेती छोड्दै तरकारी मात्रै लगाउन थालेका छन् । नौगाड गाउँपालिका कृषि शाखा प्रमुख प्रकाशसिंह धामीका अनुसार हाल वडा नम्बर २ मा मात्रै १५० भन्दा बढी पोलिहाउसमा व्यावसायिक तरकारी उत्पादन भइरहेको छ । "आगामी आवमा एक किसानलाई १० वटासम्म पोलिहाउस विस्तार गर्ने योजना छ", उहाँले भन्नुभयो ।

गाउँपालिकाले सिँचाइ, बीउ, औषधि तथा क्षतिपूर्तिसम्बन्धी कार्यक्रम आगामी बजेटमार्फत ल्याउने जनाएको छ । रोग व्यवस्थापनका लागि कृषि प्राविधिक परिचालन गरिएको छ । योपटक थोरै किसानको तरकारीमा समस्या देखिएको छ । रोग लाग्न नदिन एकीकृत शत्रु व्यवस्थापन गरिएको धामीले बताउनुभयो । यो पूरै वडा तरकारी पकेट क्षेत्र हो । २५ देखि ३० परिवारलाई एउटा समूहमा राखेर तरकारी लगाउनेदेखि लिएर बीउ बिजन बजारीकरणसम्मको तालिम कृषक पाठशालामार्फत भइरहेको छ । यहाँका केही वडालाई आलुपकेट क्षेत्र घोषणा गरिएको छ । सडक सञ्जालले पनि गाउँपालिका जोड्दै गरेको अवस्थामा किसानलाई व्यवसायिक रूपमा आत्मनिर्भर बनाउने योजना गाउँपालिकाको रहेको धामीको भनाइ छ ।

**किसानको बारीमै पुगे सिडियो**

नौगाड-२ दल्लेखका किसानका समस्या बुझ्न दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेल स्वयं किसानको बारीमै पुगे । उहाँसँग कृषि तथा भेटेरिनरी कार्यालयका प्रमुख, प्राविधिक टोली तथा जिल्ला समन्वय समिति प्रमुख महादेव बडू कश्यपलगायत सहभागी थिए । "किसानको समस्या सुन्ने र समाधान के गर्न सकिन्छ भनेर जिल्लास्तरीय अनुगमन समिति बनाएर दल्लेख पुगेका हौँ," प्रमुख जिल्ला अधिकारी पौडेलले भन्नुभयो, "हामीले बोल्ने भन्दा पनि किसानको वास्तविक समस्या के छन्, त्यो पहिचान गरेर समस्या समाधानको लागि प्रयास गर्ने हो ।"

किसानहरूले सडक, बजार, सिँचाइ, बीउ र औषधि व्यवस्थापनलाई प्राथमिकतामा राख्न माग गरेका छन् । "कालोपत्रे सडक भइदिएको भए आधा घण्टामै खलङ्गा पुग्थ्यौँ", समूहका अध्यक्ष धनसिह सितोली भन्नुहुन्छ, "बजारले चाहेको बेला अर्गानिक तरकारी पुऱ्याउन सक्थ्यौँ ।" अर्का किसान सरस्वती मन्याल तरकारी ढुवानीमा अनुदान दिनुपर्ने माग गर्नुहुन्छ । उहाँले भन्नुभयो, "दल्लेखबाट खलङ्गासम्म एक क्रेट गोलभेंडाको गाडी भाडा एक सय रूपैयाँ लिन्छन् ।

मानिससँगै गए थप चार सय रूपैयाँ भाडा हुन्छ । सरकारले नै ढुवानी बिक्रीको व्यवस्थापन गरिदिए हामीहरूले पनि मेहनतअनुसारको मूल्य गाउँमै पाउँथ्यौँ ।" प्रमुख जिल्ला अधिकारी पौडेलले सडक नियमित सञ्चालनका लागि पहल भइरहेको बताउनुभएको छ । सम्बन्धित निकायलाई नियमित सडक सञ्चालनको लागि प्रयास भइरहेको छ ।

भारतीय तरकारीमा रोक, स्थानीय किसानमा आशा

नेपाल सरकारले भारतबाट आयात हुने कृषिउपजमा रोक लगाएपछि स्थानीय किसानमा आशा पलाएको छ । सीमावर्ती जिल्ला दार्चुलाको बजार लामो समयदेखि भारतीय आलु, प्याज र गोलभेंडामा निर्भर थियो । अहिले भने स्थानीय उत्पादनले बजार पाउन थालेको किसानहरूको भनाइ छ ।

सरकारले जेठ २१ गतेबाट भारतबाट आयात हुने कृषिजन्य उपहरूको आयात व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन भन्दै आयातमा रोक लगाएको छ । "कोरोनाको समयमा पनि हामीले उत्पादन गरेर बजार धानेका थियौँ", डाँडाबाग कृषि समूहका अध्यक्ष धनसिंह सितोली भन्नुहुन्छ, "सरकारले खरिद सुनिश्चित गरिदियो भने भारतीय तरकारीको विकल्प हामी बन्न सक्छौँ ।" यहाँ उत्पादन गरेका आलु, टमाटार बजारको लागि पर्याप्त हुन्छ । दार्चुलाको श्रीवगड, कोटकौतली, मुल्ला मैखाली, दत्तुको थाप्लालगायतमा किसानहरूले व्यावसायिक रूपमा तरकारीखेती गर्ने गरेका छन् । यसअघि किसानले नेपालमा बजार नपाउँदा भारतीय बजार लगेर आफ्नो उत्पादन बिक्री गर्दै आएका थिए । ***(रासस)***

# दिवङ्गत सूर्यबहादुर वाइबाप्रति श्रद्धा सुमन अर्पण




काभ्रे, ३० जेठ । नेपाल मजदुर किसान पार्टी, काभ्रे जिल्ला समितिका सदस्य तथा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ काभ्रेका अध्यक्ष सूर्यबहादुर वाइबाको जेठ २२ गते असामयिक देहावसान भएकोमा दिवङ्गतप्रति श्रद्धा सुमन अर्पण कार्यक्रम मण्डनदेउपुर बालुवापाटीमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले दिवङ्गत व्यक्तिको योगदान लिपिबद्ध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

"सबैको निम्ति लेख्ने, बोल्ने, सिकाउने अर्थात् ज्ञान र चेतना बाँडेर अरूलाई पनि माथि उठाउनुपर्छ" सांसद गोसाईले भन्नुभयो । उहाँले भन्नुभयो, "दिवङ्गत वाइबाले गर्न नभ्याएका बाँकी काम हामीले काँधमा बोक्नुपर्छ ।"

नेमकिपा काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले समाजमा योगदान गरेका व्यक्तिको देह नरहे तापनि उनको कीर्ति अमर रहन्छ भन्नुभयो । दिवङ्गत सूर्यबहादुर वाइबाले देश र जनताको पक्षमा गीत गाएर चेतना दिने काम गरेको हुँदा उहाँको कीर्ति शेष भए तापनि अमर रहने वैद्यले बताउनुभयो ।

कार्यक्रममा नेमकिपा काभ्रेका सल्लाहकारद्वय एन.बी. दुवाल र डा. हरिप्रसाद मानन्धरले दिवङ्गत सूर्यबहादुर वाइबा शिक्षासेवी र इमानदार असल शिक्षक भएको चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा मण्डनदेउपुर नगर समितिका अध्यक्ष कृष्णबहादुर तामाङ, पाँचखाल नगर समितिका पूर्वअध्यक्ष धनबहादुर तामाङ, नेमकिपा काभ्रेका सहसचिव मुना तामाङले शोकलाई शक्तिमा बदलेर देश र जनताको सेवामा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ काभ्रे र वालाम्हेन्दो सांस्कृतिक समूह नाल्दुमका कलाकारहरूले दिवङ्गत सूर्य वाइबाको सम्झनामा गीत प्रस्तुत गरेका थिए ।

# लेबनानमा शान्ति रक्षकको हत्या भएको घटनाको राष्ट्रसङ्घद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ, ३० जेठ (सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्यहरूले गत जुन -४ मा लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बल (युनिफिल) का सर्बियाली शान्तिरक्षकको हत्या भएको घटनाको निन्दा गरेका छन् ।

सुरक्षा परिषद्ले विज्ञप्ति जारी गर्दै मोर्टारको गोलीले प्रहार गर्दा गम्भीर घाइते भएका शान्तिरक्षकको उपचारको क्रममा मृत्यु भएको र अन्य दुई जना शान्तिरक्षकहरू घाइते भएको जनाएको छ । परिषद्का सदस्यहरूले संयुक्त राष्ट्र सङ्घलाई युनिफिलमार्फत आक्रमणको द्रुत अनुसन्धान गर्न आह्वान गर्दै आक्रमणका जिम्मेवार व्यक्तिहरूलाई ढिलाइ नगरी कारबाही गर्न र जवाफदेही बनाउन आह्वान गर्नुभएको छ ।

पछिल्लो समयमा द्वन्द्व बढेपछि दक्षिणी लेबनानमा आफ्नो कर्तव्य निर्वाह गर्दागर्दै सात जना युनिफिलका शान्तिरक्षकहरूले मृत्युवरण गर्नुका साथै अन्य धेरै घाइते भएको जनाइएको छ ।

परिषद्का सदस्यहरूले युनिफिलका लागि आफ्नो पूर्ण समर्थन रहेको पुष्टि गर्दै युनिफिलका कर्मचारी र परिसरको सुरक्षाका साथसाथै मिसनको आवागमनको स्वतन्त्रतालाई सम्मान गर्न सबै पक्षहरूलाई आग्रह गरेका छन् ।

सदस्यहरूले लेबनानको सार्वभौमिकता, स्वतन्त्रता, क्षेत्रीय अखण्डता र एकताका लागि आफ्नो प्रतिबद्धतासमेत दोहोर्‍याएका छन् । उनीहरूले अन्तर्राष्ट्रिय समुदायलाई लेबनानी सशस्त्र बललाई उपकरण, सामग्री र वित्त लगायत सहयोगलाई तीव्र बनाउन, लिटानी नदीको दक्षिणमा उनीहरूको प्रभावकारी र दिगो तैनाथी सुनिश्चित गर्न र सुरक्षा परिषद्को प्रस्ताव -१७०१ कार्यान्वयन गर्न उनीहरूको क्षमता बढाउन आह्वान गरेका छन् ।

पछिल्लो समयमा शत्रुता बढेको विषयमा चिन्ता व्यक्त गर्दै परिषद्ले सबै पक्षहरूलाई तुरुन्तै शत्रुता अन्त्य गर्न, जुन -३ को युद्धविरामको सम्मान गर्न र सुरक्षा परिषद्को प्रस्ताव -१७०१ लाई पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरेको छ ।

# भीम आदर्शमा छात्रवृत्ति वितरण तथा स्वागत कार्यक्रम

भक्तपुर, ३०जेठ । भीम आदर्श आधारभूत विद्यालयमा शुक्रबार छात्रवृत्ति वितरण तथा स्वागत कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष कृष्णप्रसाद कोजूले भक्तपुरको सरसफाइ, चाडपर्वसम्बन्धी नयाँ पुस्तालाई जानकारी दिनु आवश्यक रहेको चर्चा गर्दै भक्तपुर नगरपालिकाले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय काम गरिरहेको बताउनुभयो ।

सामुदायिक विद्यालयको शैक्षिक स्तर उकास्न भक्तपुर नगरपालिकाको सामुदायिक विद्यालयलाई नियमितरुपमा सहयोग गरिरहेको कारण भक्तपुरको शैक्षिक स्तर राम्रो हुँदै गएको छ भन्दै उहाँले विद्यार्थीको सिकाइमा परिवर्तन गर्नु जरुरी छ भन्नुभयो ।

कार्यक्रमका सभापति तथा विद्यालयका प्रअ पूजा दाहालले गुणस्तरीय शिक्षण सिकाइको लागि विद्यालय प्रतिबद्ध रहेको उल्लेख गर्दै शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अभिभावकहरुको भूमिका पनि महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा विद्यालयमा अध्ययनरत ७ जना दलित विद्यार्थी, १८ जना छात्र तथा एक जना अपाङ्ग विद्यार्थीसमेत २६ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान तथा नवआगन्तुक विद्यार्थीहरूलाई शैक्षिक सामग्री गरिएको थियो ।

विद्यार्थीहरूले मनोरञ्जन प्रदान गरिएको उक्त कार्यक्रममा शिक्षकद्वय लक्ष्मीकेशरी सुवाल, सुरेन्द्र भट्टराई तथा विद्यार्थी खुसी रिमालले पनि बोल्नुभएको थियो ।

# आर्थिक तथा प्राविधिक अभाव हुँदा करोडौंका डायलासिस मेसिन प्रयोगविहीन

पाल्हीनन्दन (नवलपरासी-बर्दघाट सुस्ता पश्चिम), ३० जेठ । भौतिक संरचना र प्राविधिक अभाव हुँदा करोडौं मूल्यका डायलासिस मेसिन प्रयोगविहीन भएका छन् । विभिन्न दातृ निकाय र नेपाल सरकारबाट स्थानीय तह र अस्पतालका लागि प्राप्त भएका ती मेसिन प्रयोगमा आउन नसकेका हुन् ।

नेपाल सरकारको समन्वयमा रोटरी क्लब धुलिखेलले बर्दघाट नगरपालिका-१४ को सहिद स्मृतिलाई विसं २०८१ मा उपलब्ध गराएको रु. एक करोड २० लाख मूल्य बराबरका छ वटा डायलासिस प्रयोगविहीन छन् । आर्थिक अभाव र मेसिन सञ्चालनका लागि संरचना अभाव भएकाले प्रयोगविहीन भएको अस्पतालले बताएको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष डिबीबहादुर थापाले लामो समयदेखि मेसिन प्रयोगमा ल्याउन नसक्दा स्थानीय बिरामीलाई सेवा दिन नसकिएको बताउनुभयो ।

त्यसैगरी बुटवलस्थित मुटु अस्पतालले केही महिनाअघि सुनवल नगरपालिकालाई उपलब्ध गराएको रु. साढे आठ करोड बराबरका पाँच वटा डायलासिस पनि प्रयोगविहीन छन् । नगरको आफ्नै अस्पताल सञ्चालन नआएका कारण ती मेसिन सञ्चालनमा ल्याउन सकिएको छैन । सुनवल नगरपालिकाका नगरप्रमुख विमला अर्यालले पनि आर्थिक अभाव र प्राविधिक अभावका कारण मेसिन सञ्चालनमा ल्याउन नसकिएको बताउनुभयो । सुनवलमा १५ शय्याको अस्पताल निर्माण भइरहेको छ ।

यता रामग्रामस्थित पृथ्वीचन्द्र जिल्ला अस्पतालमा रहेको पाँच वटा डायलासिस मेसिनले दैनिक १७ जना बिरामीलाई निरन्तर सेवा दिँदै आएको छ । बिरामीको चाप बढी भएकाले जिल्ला अस्पतालबाट सेवा लिन नसक्ने बिरामीहरू जिल्ला बाहिर जानुपर्ने अवस्था छ । यदि प्रयोगविहीन भएका मेसिन सञ्चालनमा आए बिरामीलाई सहज हुने पृथ्वीचन्द्र अस्पतालका व्यवस्थापक सिमा काफ्लेको भनाइ छ ।

# चितवनमा 'श्रमिक' साप्ताहिकको अध्ययन गोष्ठी

कोराक, ३० जेठ । नेपाल मजदुर किसान पार्टी चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवनको आयोजनामा 'श्रमिक' साप्ताहिकको अध्ययन गोष्ठी शनिबार सम्पन्न भयो ।

सो कार्यक्रममा आयोजक समितिका संयोजक हरिप्रसाद दुवालले पार्टी प्रकाशनको निरन्तर अध्ययन र छलफलले कार्यकर्ताहरू परिपक्व हुने र सङ्गठन विस्तारमा टेवा पुग्ने बताउनुभयो ।

पार्टीको सिद्धान्त र विचारबाट सुसूचित भएका कार्यकर्ताहरूलाई पुँजीवादी विचारले सजिलै छुन्न नसक्ने उहाँले भन्नुभयो ।

उहाँले रास्वपाको सरकारले ल्याएको बजेटमा शिक्षा, स्वास्थ्य र बिजुलीमा करको व्यवस्था गरेबाट मजदुर र किसानको सरकार नभएको स्पष्ट भएको बताउनुभयो ।

उहाँले बालेन सरकार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको बलमा अगाडि आएकोले नेपाली जनताको हित नगर्ने स्पष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा विष्णु शर्मा, ज्ञानेन्द्र चेपाङ, सुमित्रा महतो, मोहनबहादुर चेपाङ, अर्जुन चेपाङ, सन्तबहादुर पाखीन, प्रकाश चेपाङलगायतले बोल्नुभएको थियो ।

## अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**क्रान्तिकारी...**

फिचर फिल्मसम्म विभिन्न मिडियामा व्यापकरूपमा अन्वेषण र चित्रण गरिएको छ । उहाँका आफ्नै लेखनहरू, जसमा 'द मोटरसाइकल डायरीहरू', जसले दक्षिण अमेरिकाभरि उहाँको रचनात्मक यात्राको विवरण दिन्छ र 'गुरिल्ला वारफेयर', क्रान्तिकारी रणनीतिहरूमा म्यानुअल, उहाँका विचार र प्रेरणाहरू बुझ्नको लागि महत्त्वपूर्ण भएको छ । जोन ली एन्डरसनको 'चे ग्वेभारा: ए रिभोलुसनरी लाइफ' जस्ता जीवनीहरूले उहाँको जटिल व्यक्तित्वमा व्यापक अन्तर्दृष्टि प्रदान गर्दछ, उहाँको व्यक्तिगत, राजनीतिक र सैन्य जीवनलाई विस्तृत कथामा मिश्रण गर्दछ ।

सिनेमामा, ग्वेभारालाई धेरै प्रभावशाली फिल्महरूमा चित्रित गरिएको छ जसले सांस्कृतिक प्रतिमाको रूपमा उनको स्थितिलाई थप बलियो बनाएको छ । वाल्टर सेल्सद्वारा निर्देशित र गेल गार्सिया बर्नल अभिनित 'द मोटरसाइकल डायरीहरू' चलचित्र बनेका छन् । यो चलचित्रले उनको प्रारम्भिक संस्मरणहरूलाई उनको यात्राको दृश्य र भावनात्मक अन्वेषणमा रूपान्तरण गर्दछ, एक युवा व्यक्तिलाई क्रान्तिकारी व्यक्तित्वमा रूपान्तरण गर्दछ । बेनिसियो डेल टोरो अभिनित स्टीभन सोडरबर्गको 'चे' जस्ता अन्य चलचित्रहरूले क्युवाली क्रान्ति र बोलिभियामा उनको दुर्भाग्यपूर्ण मिसनमा उनको भूमिकालाई थप विस्तृतरूपमा प्रस्तुत गर्दछ, उनको उद्देश्यप्रतिको उनको प्रतिबद्धताको एक गहिरो दृष्टिकोण प्रस्तुत गर्दछ ।

**प्रतिष्ठित फोटोग्राफ र कलाकृति**

चे ग्वेराको तस्बिर, विशेषगरी अल्बर्टो कोर्डाले खिचेको प्रतिष्ठित 'गुरिलेरो हिरोइको' तस्बिर, मूल सन्दर्भलाई पार गर्दै विद्रोहको विश्वव्यापी प्रतीक बनेको छ । यो छवि ढाँचा र शैलीहरूको एर्रेमा पुनः उत्पादन गरिएको छ, कला, भित्ति चित्र र विश्वव्यापी व्यापारिक वस्तुहरूमा चित्रित छन् । यसले क्रान्तिकारीको रोमान्टिक आदर्शलाई मूर्त रूप दिन्छ, प्रायः ग्वेभाराको जीवनका अधिक विवादास्पद पक्षहरूबाट अलग रहन्छ । कलाकार र ग्राफिक डिजाइनरहरूले यस छविलाई पुनः व्याख्या गरेका छन्, यसलाई ग्वेभाराको आफ्नै ऐतिहासिक सेटिङहरूबाट टाढा रहेका सन्दर्भहरूमा एकता र प्रतिरोध व्यक्त गर्न प्रयोग गर्दै छ ।

मिडिया र साहित्यमा चे ग्वेभाराको व्यापक प्रतिनिधित्वले उनको पौराणिक स्थितिको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यी चित्रणहरूले उहाँको विरासतको बारेमा चलिरहेको बहसहरूमा योगदान पुर्‍याउँछन्, कसरी एक व्यक्तित्वलाई प्रतिरोधको प्रतीकको रूपमा सम्मानित गर्न सकिन्छ र उसको विधि र राजनीतिक विचारहरूको लागि आलोचना गर्न सकिन्छ । यो दोहोरो प्रतिनिधित्वले ऐतिहासिक व्यक्तित्व र सांस्कृतिक प्रतीकको रूपमा ग्वेभाराप्रतिको स्थायी जटिलता र आकर्षणलाई झल्काउँछ ।

**चे ग्वेराको दार्शनिक र साहित्यिक योगदान लेखन र भाषण**

चे ग्वेभारा क्रान्तिकारी नेता मात्र नभई एक विपुल लेखक र विचारक पनि थिए । उनका धेरै लेख, निबन्ध र भाषणहरूले उनको दार्शनिक र वैचारिक विश्वासहरूमा गहिरो अन्तर्दृष्टि प्रदान गर्दछ । उनका सबैभन्दा प्रभावशाली कार्यहरूमध्ये 'समाजवाद र क्युवामा मानिस' र फिडेल क्यास्ट्रोलाई उनको मार्मिक बिदाई पत्र, जसले समाजवाद, मानवता र क्रान्तिकारी कारणप्रति उनको व्यक्तिगत प्रतिबद्धताको प्रतिबिम्ब प्रकट गर्दछ । ग्वेभाराका लेखहरूले प्रायः मुक्तिको सङ्घर्ष र समाजवादी सिद्धान्तहरूमा आधारित नयाँ सामाजिक संरचनाको निर्माणमा चेतना र शिक्षाको महत्त्वलाई जोड दिन्छन् । क्रान्तिकारी विचारधारा र आत्मनिरीक्षण इमानदारीमा उनको योगदानको लागि उनका विचारहरू अध्ययन गरिँदै छन् ।

**दर्शन र राजनीतिक विचारमा प्रभाव**

चे ग्वेभाराको प्रभाव उनको सैन्य रणनीतिभन्दा बाहिर मार्क्सवादी दर्शनमा उनको योगदानमा फैलिएको छ । उनी मार्क्स, एङ्गेल्स र लेनिनका कार्यहरूबाट गहिरोरूपमा प्रभावित थिए तर उनले विशेषगरी समाजवादी क्रान्तिमा व्यक्तिको भूमिकाको सन्दर्भमा आफ्नै व्याख्याहरू पनि थपे । ग्वेभारा साम्राज्यवाद र पुँजीवादको उन्मूलन गर्न विश्वव्यापी क्रान्तिकारी आन्दोलनको आवश्यकतामा विश्वास गर्थे । उनको 'नयाँ मानिस' को अवधारणाले व्यक्तिगत लाभको लागि होइन । तर, सामूहिक हितका लागि काम गर्ने व्यक्तिहरूलाई वर्णन गर्नको लागि सिर्जना गरेको शब्दले क्रान्तिकारी कार्यमार्फत मानिसले आफू र आफ्नो आर्थिक अवस्था दुवैलाई परिवर्तन गर्न सक्ने क्षमतामा उनको विश्वासलाई प्रकाश पार्छ ।

ग्वेभाराको आफ्नो आदर्शहरूप्रति समर्पण उहाँका लिखित र बोलिएका शब्दहरूमा स्पष्ट छ, जसले विद्वान्हरू, कार्यकर्ताहरू र आलोचकहरूका बिचमा बहसलाई उत्प्रेरित र उत्प्रेरित गर्दछ । उनको दार्शनिक योगदानले सामाजिक न्याय, आर्थिक नीतिहरू र राजनीतिमा नैतिकताको भूमिकासँग सम्बन्धित मुद्दाहरूको आलोचनात्मक समझलाई बढावा दिएको छ । मानव अवस्था, सामाजिक परिवर्तन र बृहत्तर भलाइका लागि आत्म-त्यागको महत्त्वमा उनका छलफलहरू सान्दर्भिक छन्, जसले समाजवाद र विश्वभरका क्रान्तिकारी अभ्यासहरूमा समसामयिक छलफलहरूलाई प्रभाव पार्छ ।

***-अनलाइन मजदुरबाट***

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा